का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ फागुन २०८१,
बिहीबार
13 February, 2025
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ११ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



फोटो: मध्यान्ह

# लापरवाहीको नमुना

निमिष झा/मध्यान्ह
काठमाडौं, ३० माघ ।

बुधबार काठमाडौंको बबरमहल क्षेत्रमा अरू दिन जस्तै चहलपहल थियो । सडकमा गाडीहरू यथावत् चलिरहेका थिए । मानिसहरू आफ्नै धुनमा आवतजावत गरिरहेका थिए भने सरकारी र गैरसरकारी कार्यालयहरूमा आफ्नै लयमा काम भइरहेको थियो ।

अपराह्न २ बजे अचानक त्यस क्षेत्रको वातावरण नै बदलियो । सडकमा आवतजावत बन्द भयो, कार्यालयहरूमा काम रोकियो भने वरिपरिका घर र कार्यालयहरू डुबानमा परे । त्यतिबेला न पानी परेको थियो, न त बाढी नै आएको थियो । तर, बबरमहल क्षेत्र भने डुबानमा पर्‍यो, अस्तव्यस्त भयो ।

काठमाडौंको खानेपानीको सपना रहेको मेलम्ची खानेपानीको पाइप फुट्दा बबरमहल क्षेत्रको अवस्था ४ घण्टामा नै फेरियो ।

नेपाल विद्युत् प्राधिकरणले बिजुलीको तार भूमिगत गर्दा मेलम्ची खानेपानी आयोजनाको मुख्य पाइप फुटेर ६ लेन सडक नै डुब्यो, जसले बबरमहल र त्यस आपसापका क्षेत्र डुबानमा परेको थियो ।

पानीको ठूलो भेलले माइतीघर-तीनकुने सडकखण्डका »» पृष्ठ २ मा



> विद्युत् प्राधिकरणको कमजोरीका कारण पाइप फुटेर जलमग्न भएको हो । बिग्रिएको स्थानमा बनाउन र विभिन्न स्थानमा भइरहेको पानी चुहावट नियन्त्रण गर्न निर्देशन दिइसकेको छ
>
> **प्रदीप यादव**, खानेपानीमन्त्री





## कसरी आयो भेल ?

काठमाडौं उपत्यका खानेपानी लिमिटेडअन्तर्गत आयोजना कार्यान्वयन निर्देशनालयका अनुसार प्राधिकरणको ठेकेदार कम्पनी के. ई. आई.ले जीआईएस म्यापको सही अध्ययन नगरी पाइलट ड्रिलिङपश्चात् रिमिङ गर्ने क्रममा २० इन्चको पाइपलाइनमा क्षति »» पृष्ठ २ मा

## प्राधिकरणले स्वीकार्‍यो गल्ती

प्राधिकरणले बबरमहलमा मेलम्ची खानेपानीको मुख्य पाइप फुट्नुमा आफूहरूको गल्ती रहेको स्वीकार गरेको छ ।

यो क्षेत्रमा विद्युत् प्राधिकरणले सडकमा विद्युत् लाइन भूमिगतको काम गरिरहेको थियो । उक्त काम गर्ने क्रममा पाइलट ड्रिलिङपछि रिमिङ गर्दा असावधानीवश पाइपलाइनमा क्षति पुगेको विद्युत् प्राधिकरणले स्वीकार गरेको हो । 'पाइप फुट्नुमा प्राधिकरण »» पृष्ठ २ मा

## पहिला पनि भएको थियो यस्तो

१९ असारमा सोह्रखुट्टे-बालाजु सडकखण्डमा पनि मेलम्ची खानेपानीको पाइप फुट्दा १ जना डुबेका थिए । पानी वितरण प्रणाली क्षतिग्रस्त हुँदा मुख्य सडकको बीचमै ११ फिट गहिरो खाडल परेको थियो ।

२९ भदौमा ललितपुरको कुपण्डोलमा मेलम्ची खानेपानीको पाइप फुट्दा मुख्य सडक नै भासिएर भ्वाङ परेको थियो । »» पृष्ठ २ मा

# सामसुम सुन काण्ड

## आयोगको प्रतिवेदन कार्यान्वयनमा सरकार मौन



> आयोगले ६० किलो सुन र इलेक्ट्रिक चुरोट 'भेप'मा ल्याइएको सुनबारे अनुसन्धान गरी उक्त प्रकरणमा कारबाही गर्नुपर्ने व्यक्तिहरूको नाम र नीतिगत सुधारका सुझावहरूसमेत प्रतिवेदन मार्फत सरकारलाई बुझाएको थियो
>
> **डिल्लीराज आचार्य**
> अध्यक्ष, अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोग



जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ३० माघ ।

२ वर्षअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारबाट लुकाएर ल्याएको ६० किलो सुन काण्डले करिब १ वर्षसम्म तातेको सडक र सदन यतिबेला शान्त छ । भन्सार कर्मचारीसमेतको मिलेमतोमा भित्र्याइएको ६१ किलो र त्यसअघि इलेक्ट्रिक चुरोट 'भेप'मार्फत भित्रिएको ३३ किलो सुन तस्करीलगायतका काण्ड सामसुम हुँदै गएका हुन् ।

नेपालमा विभिन्न समयमा भएका ठूला सुन तस्करी काण्डहरूमा उच्च तहका व्यक्तिहरूको संलग्नता, संगठित गिरोह र भन्सार तथा सुरक्षाकर्मीहरूसमेतको मिलेमतो रहेको पाइन्छ । यी काण्डमा संलग्नमाथि कारबाही गरी सुन तस्करीलाई नियन्त्रण गर्न सहयोग पुग्ने उद्देश्यले गठन भएको सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगले सरकारलाई बुझाएको प्रतिवेदन कार्यान्वयन हुन सकेको छैन ।

'जाँचबुझ आयोगले १ चैत २०८० मा तत्कालीन उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेलाई ४८५ पृष्ठको प्रतिवेदन बुझाएको थियो', आयोगका तत्कालीन अध्यक्ष डिल्लीराज आचार्यले भने, 'आयोगले हङकङबाट स्कुटरको ब्रेक प्याडको रूपमा तस्करी गरेर ल्याइएको ६० किलो सुन र इलेक्ट्रिक चुरोट भेपमा लुकाएर दुबईबाट ल्याइएको सुनबारे अनुसन्धान गरेको थियो ।'

आयोगले कारबाही गर्नुपर्ने व्यक्तिहरूको नाम र नीतिगत सुधारका सुझावहरूसमेत प्रतिवेदनमार्फत सरकारलाई दिएको उनको भनाइ छ ।

सुन तस्करी मात्र होइन, अन्य प्रकरणमा बनाइएका आयोगले बुझाएका प्रतिवेदनहरू पनि कार्यन्वायनन नहुने हो भने आयोग बनाउनुको औचित्यमाथि प्रश्न उठ्ने आचार्यले मध्यान्हलाई बताए । उनले भने, 'हामीले तोकिएको जिम्मेवारीअनुसार अनुसन्धान गरी सरकारलाई प्रतिवेदन बुझाएका हौं । यसको कार्यान्वयन नगर्ने हो भने यस्ता आयोग गठनको औचित्यमाथि नै प्रश्न उठ्छ । यसकारण यसमा गम्भीर हुनुपर्छ ।'

सुन तस्करी अनुसन्धानका क्रममा मुद्दा चलाउनुपर्ने व्यक्तिहरूलाई प्रहरीका जिम्मेवार अधिकारीहरूले नै मुद्दा »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# सिन्डिकेटविरुद्ध संघद्वारा व्यवसायीहरूलाई सचेत

मध्यान्ह संवाददाता
काठमाडौं, ३० माघ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले ठूलो संख्यामा नेपाली कामदार जाने आकर्षक गन्तव्य मुलुक मलेसियामा पुनः सिन्डिकेटको हल्ला चलाइएको भन्दै त्यस्तो गैरकानुनी क्रियाकलापको पछि नलाग्न म्यानपावर कम्पनीहरूलाई सचेत गराएको छ ।

संघका अध्यक्ष राजेन्द्र भण्डारी र महासचिव मेघनाथ भुर्तेलले संयुक्त रूपमा एक विज्ञप्ति जारी गर्दै सिन्डिकेटका गिरोहहरूले मलेसिया र नेपालका सम्बन्धित निकायलाई प्रभाव पार्छौं र सिन्डिकेट गर्छौं भन्ने भ्रममा पारी नेपालका म्यानपावर कम्पनीहरूलाई प्रलोभन देखाई २५ वटा कम्पनीबाट मात्र कामदार लैजान पाउने व्यवस्था गर्छौं भन्ने भ्रम सिर्जना गरेकाले त्यस्तो भ्रमको पछि नलाग्न व्यवसायीहरूलाई आग्रह गरेका हुन् ।

संघले व्यवसायीविरोधी क्रियाकलापमा संलग्न भएको पाइएमा जोकोही व्यक्ति वा संस्थालाई कडा कानुनी कारबाहीको दायरामा ल्याइने बताएको छ । संघले सिन्डिकेट गिरोहका पछि लागेर व्यवसायीविरोधी कार्य गर्नेको पहिचान गरी छानबिन र कारबाहीका लागि सम्बन्धित निकायलाई अनुरोधसमेत गरेको छ । यस्तै, मलेसियामा पुनः सिन्डिकेटको षड्यन्त्र भएको भन्दै प्रगतिशील वैदेशिक रोजगार »» पृष्ठ २ मा

## ३२ वर्षपछि आफ्नै भवनमा संघ

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कानुनी प्रकृया पुरा गर्दै प्रशासनिक भवन खरिद गरेको छ। वैदेशिक रोजगार व्यवसाय संस्थागत भएको ३२ वर्षपछि मात्र संघको आफ्नै प्रशासनिक भवन भएको हो । संघले राजधानीको सिफलमा ६ आना १ पैसा जग्गामा बनेको साढे ३ तले भवन खरिद गरेको हो । हाल उक्त भवनमा संघको कार्यालय संचालन भइरहेको छ ।



संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्रीले संघको भवन सम्पूर्ण व्यवसायीहरूको साथका कारण किन्न सफल »» पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.
Documentation Officer - 4 (Male/Female)
Accountant - 2 (Male/Female)
Minumum 2/3 Years experience in related field.
Salary : Negotiable for selected Candidates.
9801035459 devigiri072@gmail.com
HIMGIRI RECRUITMENT AGENCY PVT LTD
Battisputali-9, Kumari Mandir, Kathmandu, Nepal
Tel. 01- 5921647/ 01- 5921648
Govt. Lic. No.: 1703/81/82

# विद्यार्थीमाथि क्रूरता

कक्षाकोठा समाजको एउटा सानो रूप हो र जहाँ शिक्षकले विद्यार्थीलाई आफ्नै व्यवहारबाट समाज सिकाइरहेका हुन्छन् । तर, यस्तो मान्यता तनहुँ घटनाले खण्डित गरिदिएको छ ।



दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ३० माघ ।

बालबालिकाको भविष्य निर्धारण गर्ने थलो हो- विद्यालय, जहाँ शिक्षक तथा कर्मचारीको प्रत्येक व्यवहारले नयाँ पुस्तालाई निर्देशित गरिरहेको हुन्छ । तर, तनहुँको भीमाद नगरपालिका- ६ स्थित प्रभात एकेडेमी बोर्डिङ स्कुलले यस्तो मान्यता खण्डित गरिदिएको छ ।

उक्त स्कुलका लेखापाल तथा शिक्षक सुष्मा श्रेष्ठले ४ जना विद्यार्थीको गालामा पन्युँ तताएर डामेकी छन् । विद्यार्थीलाई दिइएको यस्तो अमानवीय व्यवहारको चर्को आलोचना भएको छ ।

पन्युँले डामिएका विद्यार्थी १० वर्ष उमेरका छन् । पन्युँले डाम्ने श्रेष्ठ ३४ वर्षीया हुन् ।

विद्यार्थीले जिस्क्याएको आरोपमा प्रधानाध्यापककी छोरीसमेत रहेकी लेखापाल श्रेष्ठले घरबाटै पन्युँ तताएर लगेर विद्यार्थीको गालामा डामेकी हुन् । श्रेष्ठले मंगलबार कक्षा ४ मा अध्ययनरत विद्यार्थीलाई पन्युँ तताएर गालामा डामेकी हुन् । यो घटनाको विद्यार्थी संगठनहरूले विरोध गरेका »» पृष्ठ २ मा

प्रेस विज्ञप्ति

नेपाली कामदारका लागि आकर्षक गन्तव्य मुलुक मलेसियाको सबै क्षेत्रको रोजगारीका लागि क्षेत्रगत आवश्यकतालाई मूल्यांकन गरी नयाँ approval खोल्ने प्रक्रिया अगाडि बढेको अवस्थामा एकाधिकार लागू गर्न विभिन्न नाम र आवरणमा भएका चलखेलप्रति प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । गत वर्षदेखि बन्द रहेको मलेसियाको रोजगारीमा नयाँ approval खुल्ने-नखुल्ने अन्योलको अवस्थाको उपयुक्त समय पहिचान गरेर विभिन्न आवरणमा बिचौलियाहरुको चलखेल बढेको र यसै सन्दर्भमा मलेसिया कामदार भर्ना प्रक्रियालाई 'संचालन प्रणाली'को नाम दिएर केही व्यक्ति र संस्थाको अग्रसरतामा एकाधिकार 'सिन्डिकेट' लाद्ने र ठूलो संख्यामा रहेका वैदेशिक रोजगार व्यवसायीहरूलाई पेशा व्यवसायको अवसरबाट वञ्चित गराउने नियोजित प्रयास भइरहेको आम व्यवसायीहरूको बुझाइ रहेको छ । व्यापकरूपमा सार्वजनिक भएको उक्त विषयमा विभिन्न स्रोतहरूबाट सूक्ष्मरूपमा अध्ययन गर्दासमेत मलेसिया कामदार भर्ना प्रक्रियालाई 'संचालन प्रणाली'को नाम दिएर केही व्यक्ति र संस्थाको एकाधिकार कायम गर्ने योजना प्रष्टरूपमा देखिएको छ । स्वतन्त्र र पूर्ण पारदर्शिता प्रतिस्पर्धाका माध्यमबाट सबै व्यवसायीको व्यवसाय संचालन गर्न पाउने पेशा व्यवसायको संवैधानिक प्रदत्त अधिकार प्रति यस प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले विगतदेखि निरन्तर खबरदारी गर्दै आएको विषय आम व्यवसायीका अगाडि प्रष्ट रहेको छ । व्यवसायीको स्वतन्त्रतापूर्वक पेशा व्यवसाय गर्न पाउने संवैधानिक अधिकार हनन् हुने गरी व्यक्तिगत वा सीमित स्वार्थ समूहको आर्थिक स्वार्थ पूरा गर्ने-गराउने चरम लोभ र लालसा बोकेर एकाधिकार गर्ने र गराउन खोज्ने तत्वको पहिचान गरी त्यस्ता तत्वलाई निरुत्साहित गर्दै एकाधिकार 'सिण्डिकेट' हुन नदिन सम्पूर्ण व्यवसायीलाई एकजुट हुन प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालका तर्फबाट आह्वान गर्दछौं । अधिकांश व्यवसायीलाई व्यवसायबाट पाखा लगाएर कायम गरिने एकाधिकारवादी सोच र षड्यन्त्रको सख्त विरोध गर्दै यस विषयमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नागरिक समाज र वैदेशिक रोजगारीमा जाने कामदारका पक्षमा क्रियाशील गैरसरकारी क्षेत्र, आम संचारकर्मी तथा सम्बन्धित सम्पूर्ण निकायको गम्भीर ध्यानाकर्षण होस् भन्नेसमेत अनुरोध गर्दछौं । विगतमा झैं विभिन्न आवरणमा देखापर्ने एकाधिकार 'सिन्डिकेट'को अन्त्यका लागि सरोकारवाला, नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई थप सचेत र एकताबद्ध हुन हार्दिक अपिलसमेत गर्दछौं ।

जनक रावल
अध्यक्ष

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
पिंगलास्थान, गौशाला, काठमाडौं, फोनः ०१-४४६४३०१, ४४६४७२६

प्रेस विज्ञप्ति

नेपाली श्रमिकहरूको प्रमुख गन्तव्य मुलुक मलेसिया वैदेशिक रोजगारका लागि केही समयदेखि बन्द रहेको अवस्थामा छ । मलेसिया सरकारले स्रोत मुलुकहरूबाट आंशिकरूपमा कामदार लैजाने प्रक्रिया सुरुवात गर्न लागेको मौका छोपी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गिरोहहरूले नेपालबाट कामदार लैजान सीमित २५ वटा म्यानपावर कम्पनीले मात्रै कामदार पठाउन पाउने गरी सिन्डिकेट हुँदैछ भन्ने हल्ला चलाइरहेका छन् ।

सिन्डिकेट राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनमा समेत बर्जित रहेको छ । सिन्डिकेटका गिरोहहरूले मलेसिया र नेपाल सम्बन्धित निकायलाई प्रभाव पार्छौं र सिन्डिकेट गर्छौं भन्ने भ्रममा पारी नेपालका म्यानपावर कम्पनीहरूलाई प्रलोभन देखाइ २५ वटा कम्पनीबाट मात्रै कामदार लैजान पाउने व्यवस्था गर्छौं भन्ने भ्रम सिर्जना गरेका छन् । उक्त भ्रममा परी इजाजतपत्र लिएका म्यानपावर कम्पनीहरू २५ वटा पार्न भन्दै करोडौं डलर रकम सिन्डिकेटधारी गिरोहलाई दिन्छौं भनी प्रयत्न गरिरहेको भन्ने हल्ला सुन्नमा आएकाले त्यस्ता गैरकानुनी क्रियाकलापको पछि नलाग्न वैदेशिक रोजगार व्यवसायी कम्पनीहरूलाई सचेत गराइन्छ ।

व्यवसायी विरोधी क्रियाकलापमा संलग्न भएको पाइएमा जो कोही व्यक्ति वा संस्थालाई कडा कानुनी कारबाहीको दायरामा ल्याइने छ । सिन्डिकेट गिरोहका पछि लागेर व्यवसायी विरोधी कार्य गर्नेको पहिचान गरी छानबिन र कारबाहीका लागि सम्बन्धित निकायलाई अनुरोध गर्दछौं ।

मेघनाथ भुर्तेल
महासचिव

राजेन्द्र भण्डारी
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

मध्यान्ह
www.madhyanhadaily.com
१ फागुन २०८१ बिहीबार
13 February 2025, Thursday

# बस दुर्घटनामा ३ को मृत्यु

**मध्यान्ह संवाददाता**
दोहा कतार, ३० माघ

काठमाडौं काठमाडौंको शंखरापुर नगरपालिका-४ कात्तिकेमा बुधबार बस दुर्घटना हुँदा २ विद्यार्थी र १ शिक्षकको मृत्यु भएको छ। दुर्घटनामा ४० जना घाइते भएका छन्।

पिक्निकबाट फर्कंदै गरेको एसएस एकेडेमी चाबहिलको बा २ ख ७९५८ नम्बरको विद्यार्थी बोकेको बस ब्रेक फेल भईसाँखु-नगरकोट सडक खण्डमा दुर्घटना भएको थियो। बसमा २ देखि ९ कक्षासम्मका विद्यार्थी थिए।

प्रहरी प्रभाग साँखुका अनुसार ४० जना घाइतेको एनएमसी अस्पताल, टिचिङ अस्पताल लगायतमा उपचार भइरहेको छ। दुर्घटनामा क्रिसल पुरी, सुरेश तामाङ र शुशांका डोटेलको मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ।



कपन बस्ने ११ वर्षिय मोरङका क्रिसल पुरीको त्रिवि शिक्षण अस्पतालमा र भिम्सेनगोला बस्ने १४ वर्षिय सिन्धुपाल्चोका शुशांका डोटेलको शंखरापुर अस्पतालमा मृत्यु भएको हो। यस्तै चाबहिल बस्ने २४ वर्षिय सिन्धुपाल्चोकका सुरेश तामाङको नेपाल मेडिकल कलेजमा मृत्यु भएको हो। तामाङ विद्यालयका शिक्षक हुन्।

यसअघि आइतबार दक्षिणकाली नगरपालिका-३ भन्ज्याङमा जुनकिरी इंग्लिस बोर्डिङ स्कुलको विद्यार्थी बोकेको बस विद्यार्थी छोड्न फर्पिङतर्फ जाँदै गर्दा चालक र १ विद्यार्थीको मृत्यु भएको थियो भने ४५ जना घाइते भएका थिए। जुनकिरी इंग्लिस बोर्डिङको बा १ क ५६६४ नम्बरको बस सडकबाट १ सय ५० मिटर तल डल्लु खोलामा खस्दा ३५ वर्षका चालक राधाकृष्ण मगर र ८ वर्षका विपिन श्रेष्ठको उपचारका क्रममा मृत्यु भएको थियो।

### लापरवाहीको...

दायाँ-बायाँ रहेका वन परिसर, विशेष र जिल्ला अदालत डुबानमा परे। यी सरकारी निकाय र वरपरका भवनमा भेल मात्र होइन, अचानक बाढी नै पस्यो।

### पहिला...

७ मंसिर २०७९ मा पाइप फुट्दा लैनचौर क्षेत्र जलमग्न भएको थियो।

सन् २०१३ देखि केयूकेएलले खानेपानी वितरण गर्दै आइरहेको छ। त्यसका लागि चक्रपथभित्र १ हजार किलोमिटरभन्दा बढी पाइप बिछ्याएको छ। तर, सुरुमै पानी वितरण गर्दा, ढल र सडक बनाउँदा तथा विद्युत्को तार भूमिगत गर्दा मेलम्चीको पाइप निरन्तर फुट्ने गरेको छ।

यसबीच बबरमहल क्षेत्र जलमग्न बनेपछि खानेपानीमन्त्री प्रदीप यादवले निरीक्षण गरेका छन्। बबरमहल क्षेत्र जलमग्न बनेको जानकारी पाउनासाथ पोखराबाट उनी सिधा काठमाडौं फर्किएर निरीक्षण गरे। तत्काल बिग्रिएको पाइप बनाउन र काठमाडौंका विभिन्न स्थानमा भइरहेको पानी चुहावट नियन्त्रण गर्न उनले सरोकारवाला निकायलाई निर्देशन दिए। 'विद्युत् प्राधिकरणको कमजोरीका कारण पाइप फुटेर जलमग्न भएको हो। अहिले यस क्षेत्रमा आउने पानी बन्द गरिएको छ। तत्काल बिग्रिएको स्थानमा बनाउन र काठमाडौंका विभिन्न स्थानमा भइरहेको पानी चुहावट नियन्त्रण गर्न निर्देशन दिइसकेको छु', निरीक्षणका क्रममा मन्त्री यादवले भने।

उनले केयूकेएलसँग पनि समन्वय गरेर उपत्यकाबासीलाई शुद्ध खानेपानी आपूर्ति गरिने बताए। पाइप क्षति भएपछि मेलम्चीको पानी आपूर्ति तत्कालका लागि बन्द गरिएको छ। साँझ ६ बजेपछि पाइपबाट पानी आउन पूर्ण रूपले रोकिएको छ।

### कसरी...

पुगेको हो। निर्माण कम्पनीका सुपरभाइजर अविनाश कुमारले असावधानीका कारण पाइपलाइनमा क्षति पुगेको बताए।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालयले थोक वितरण प्रणालीको जी. आई. एस. म्यापलाई बेवास्ता गरी कार्य गर्दा पाइप फुटेर क्षति भएको जनाएको छ।

'वन परिसर अगाडिको सडकमा विद्युत् लाइन भूमिगत गर्नका लागि पाइलट ड्रिलिङपश्चात् रिमिङ गर्दा असावधानीवश मेलम्चीको पाइपलाइनमा क्षति पुगेको हो', लिमिटेडले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

यता, विद्युत् प्राधिकरणका आयोजना व्यवस्थापन निर्देशनालयका प्रमुख तारा प्रधानले अनुमति लिएरै काम गरेको तर बाइपास गरेर गर्नुपर्ने भए पनि कमजोरी ठेकेदारका तर्फबाट भएको दाबी गरे।

भेल आएको क्षेत्रमा तत्काल सेनासहित सुरक्षाकर्मी खटाइएको थियो। वरपरका बस्तीमा फसेका नागरिकलाई उद्धार गर्न सुरक्षाकर्मीले अपरेसन नै चलायो।

'अचानकको हिउँदे वर्षा या अन्य प्राकृतिक कारणले भेल आएको होइन। सरकार र राज्य संयन्त्रलाई नै लज्जित बनाउनेगरी सिंहदरबारको छेवैमा बाढी आउनु गम्भीर मानवीय लापरबाही हो', स्थानीय सुमन प्रधानले भने।

एसियाली विकास बैंक (एडीबी) को ऋण सहायतामा सिन्धुपाल्चोकको मेलम्ची नदीलाई सुरुङमार्फत काठमाडौंमा पानी ल्याइएको छ। खानेपानी आवश्यकता परिपूर्ति गर्न भनी ल्याइएको पानी वितरणको काम काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल)ले गर्छ।

पाइप बिछ्याउने काम आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी)ले गरेको थियो। भेल आउनुको मुख्य कारण पीआईडीकै लापरबाही भएको खानेपानी मन्त्रालयका अधिकारीहरू बताउँछन्।

काठमाडौंका अधिकांश स्थानमा एडीबीका परामर्शदाता र ठेकेदारसमेत खटाएर पाइप बिछ्याएको पीआईडीले सुरुमै जल दबाब परीक्षण (वाटर टाइट टेस्ट) नै गरेको थिएन, जुन अनिवार्य थियो।

पाइप फुट्दा १० देखि १५ हजार घरधुरीमा पानीको आपूर्ति प्रभावित हुने अनुमान छ। असन, क्षेत्रपाटी, त्रिपुरेश्वर, न्युरोड, भोटेबहाल, बबरमहल, थापाथली, अनामनगर केही भागमा पानी आपूर्ति प्रभावित हुन सक्ने जनाइएको छ।

महानगरपालिकाका वडा नम्बर २०, २१, २२, २३, ११ र १२ का केही भागमा पानी आपूर्ति प्रभावित हुने सक्ने छ।

पाइपमा क्षति पुग्दा ४ घण्टामा ३० लाख लिटर पानी बगेको छ। मेलम्चीबाट उपत्यकामा दैनिक १७ करोड लिटर पानी ल्याइन्छ। मेलम्चीबाट ल्याइएको पानी सुन्दीजलस्थित प्रशोधन केन्द्रबाट थोक वितरण प्रणालीमा पठाइएका पाइपलाइनमा रहेको सबै पानी बबरमहल क्षेत्रमा बगेको हो।

### प्राधिकरणले...

जिम्मेवार छ', केयूकेएलका प्रवक्ता प्रकाश राईले भने, 'त्यस क्षेत्रमा प्राधिकरणले तार भूमिगतको काम गरिरहेको छ। त्यहीबेला पाइपमा क्षति पुगेको प्रारम्भिक अनुमान छ।'

### सामसुम...

नचलाएर त्रुटि गरेका भन्दै आयोगले विभागीय कारबाहीको सिफारिस गरेको थियो।

यस प्रकरणमा सीआईबीले कागज गराएर छाडेका २१ सहित ६८ जनालाई आयोगले बयान र सोधपुछ गरेको थियो, जसमा विगतमा तस्करहरूसँग कनेक्सन भएकाहरू, अनुसन्धान अभियोजनमा छुटेका, थप अनुसन्धान र पुनः अभियोजन गर्नुपर्ने रायसहित ४ तहमा विभाजन गरेर आयोगले सरकारलाई प्रतिवेदन बुझाएको थियो।

६० किलो सुन तस्करी प्रकरणमा ४६ जनालाई प्रतिवादी बनाइएकामा १८ जनामाथि मुद्दा दायर गरेको र २८ जना अझै फरार रहेका नेपाल प्रहरीले जनाएको छ। यद्यपि, आयोगले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धानन ब्युरो (सीआईबी)का तत्कालीन अतिरिक्त महानिरीक्षक किरण बज्राचार्य, प्रहरी उपरीक्षक सञ्जय थापा, नायब उपरीक्षकहरू रुगम कुँवर र दुर्गा दाहाललाई समेत कारबाहीका लागि सिफरिस गरेको थियो।

सरकारले १६ असोज २०८० मा पूर्वन्यायाधीश आचार्यको नेतृत्वमा किशोरजंग कार्की, प्रेमराज जोशी र सहकुल थापा सदस्य रहेको जाँचबुझ आयोग बनाएको थियो।

यसअघि सुन तस्करी र सनम शाक्य हत्या प्रकरणको छानबिन गर्न सरकारले २० चैत २०७४ मा गृह मन्त्रालयका सहसचिव ईश्वरराज पौडेलको नेतृत्वमा एक उच्चस्तरीय छानबिन समिति गठन गरेको थियो। समितिले अनुसन्धानपछि ७५२ पृष्ठ लामो प्रतिवेदन तयार पारी १६ साउन २०७५ मा सरकारलाई बुझाएको थियो। उक्त प्रतिवेदन पनि अहिलेसम्म गुमनाम छ।

सो छानबिन समितिले ५ वर्षको अवधिमा हवाई मार्गबाट करिब ३८ सय किलो सुन तस्करी भएको निष्कर्ष निकालेको सरकारी अधिकारीहरू बताउँछन्। मुख्य अभियुक्त चूडामणि उप्रेती उर्फ 'गोरे'को समूह नेपालमा सुन तस्करीको ठूलो गिरोहका रूपमा रहेको समितिले प्रतिवेदनमा उल्लेख गरेको थियो।

यी घटनाहरूले नेपालमा संगठित सुन तस्करीको जालो रहेको पुष्टि गर्छन्। सरकारले छानबिन आयोगहरू गठन गरे पनि ठूला गिरोहका वास्तविक मुख्य नाइकेहरू अझै पक्राउ परिसकेका छैनन्। सुन तस्करीमाथि कारबाही गर्ने विषयमा सरकार मौन छ।

थुनामा रहेकाहरू

सुन तस्करीका मुख्य योजनाकार ठमेलस्थित 'भियना होटल' संचालक चिनियाँ नागरिक दावा छिरिङ, भारतीय नागरिक थुप्तेन छिरिङ (टासी) थुनामा छन्। त्यस्तै, हर्कराज राई, रामकुमार भुजेल, दिलीप भुजेल, राजेन्द्रकुमार राई, सुमन खरेल, किशोर बस्नेत, सरोज श्रेष्ठ, कुमार ढकाल, सन्तोष चन्द, सुरेन्द्रमान श्रेष्ठ, कृष्णकुमार श्रेष्ठ, पुष्करराज भट्ट, गणेशप्रसाद पौडेल, वीरेन्द्र नेपाली, सुदर्शन गौतम र यादव पराजुली थुनामा छन्।

**प्रमुख घटना र संलग्न व्यक्तिहरू**

**३८ सय किलो सुन तस्करी प्रकरण**
- २०७०-२०७५ सम्म ५ वर्षको अवधिमा करिब ३ हजार ८०० किलो सुन नेपाल हुँदै भारततर्फ तस्करी भएको विभिन्न पटक गठन भएका छानबिन आयोगको प्रतिवेदन सार्वजनिक।
- सबै सुन त्रिभुवन विमानस्थलमार्फत भित्रिएको प्रहरी अनुसन्धानबाट पुष्टि।

**३३ किलो सुन तस्करी प्रकरण**
- ९ फागुन २०७४ मा दुबईबाट नेपाल भित्रिएको ३३ किलो सुन त्रिभुवन विमानस्थलबाट भन्सार पास भएको थियो। सुन तस्करीमा संलग्न गिरोहको भागबन्डा नमिल्दा सनम शाक्यको हत्या भएको थियो।
- चूडामणि उप्रेती उर्फ 'गोरे', भन्सार कर्मचारी तथा प्रहरी र विमानस्थलका कर्मचारीहरू संलग्न।
- ३० भन्दा बढी पक्राउ तर सुन गायब।

**६५ किलो सुन तस्करी प्रकरण**
- ३ साउन २०८० मा हङकङबाट 'भेप' (इलेक्ट्रोनिक चुरोट)का पार्टपुर्जाका रूपमा ६५ किलो सुन भन्सार पार गरिसकेपछि राजस्व अनुसन्धान विभागबाट बरामद।
- विभिन्न व्यापारी र भन्सार कर्मचारीहरू संलग्न।
- जाँचबुझ आयोग गठन।
- केही सरकारी अधिकारी र व्यापारी पक्राउ परे पनि दर्जन बढी फरार।

**६० किलो सुन तस्करी प्रकरण**
- १९ असार २०८० मा हङकङबाट आएको स्कुटर ब्रेक प्याडका रूपमा लुकाइएको ६० किलो सुन त्रिभुवन विमानस्थल भन्सार पार गरेर बाहिर निकालिएको अवस्थामा पक्राउ।
- केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)का केही प्रहरी अधिकारीहरूमाथि समेत छानबिन।
- ४६ जनालाई प्रतिवादी बननाइएकामा १८ जनामाथि मुद्दा दायर, २८ जना अझै फरार।

### सिन्डिकेटविरुद्ध...

व्यवसायी मञ्च, नेपालले पनि खबरदारीका लागि आह्वान गरेको छ। मञ्चका अध्यक्ष जनक रावलले बुधबार विज्ञप्ति जारी गर्दै मलेसिया जाने कामदारको भर्ना प्रक्रियालाई व्यवस्थित गर्न भन्दै 'संचालन प्रणाली' नामको सिन्डिकेटको तानाबाना बुनिएको बताएका छन्।

विगतमा कतार, साउदी अरेबिया, यूएईलगायतका मुलुकमा सुरक्षाकर्मी तालिम वा स्वास्थ्य परीक्षणको नाममा सिन्डिकेट खडा गर्ने स्वार्थ समूह नै हाल मलेसियाको रोजगारीमा तालिम वा सीप प्रमाणपत्र जस्ता प्राविधिक विषयलाई अगाडि बढाएर सिन्डिकेट बनाउने प्रपञ्चमा लागिपरेको जानकारहरूको भनाइ छ।

हाल प्लान्टेसन क्षेत्रमा छिटफुट विदेशी कामदारको एप्रुभल दिएको मलेसियाले छिट्टै ठूलो संख्यामा विदेशी कामदार एप्रुभल खुल्ला गर्ने मलेसियाका स्थानीय संचार माध्यमले बताएका छन्।

उनीहरूले फेब्रुअरीदेखि बढेको न्यूनतम १७ सय रिंगेट तलब कार्यान्वयनपछि २ प्रतिशतले हुने कर्मचारी संचयकोषको रकम कसले भुक्तानी गर्ने भन्ने विषयमा छलफल भइरहेको र उक्त विषय टुंगोमा पुगेपछि नयाँ एप्रुभल सुरु हुने आँकलन गरेका छन्।

मलेसियाले मूलतः औद्योगिक क्षेत्र, कन्स्ट्रक्सन, सेवा, वृक्षरोपण, कृषि, घरेलु सहायक र खानी तथा उत्खनन क्षेत्रमा विदेशी कामदार प्रयोग गरिरहेको छ।

मलेसियाको नयाँ कोटा खुलाउँदा कामदारको भर्ना प्रक्रियामा कुनै शुल्क नलाग्ने गराउन एजेन्टहरूलाई निषेध गर्नुपर्ने आवाज पनि चर्को रूपमा उठेको छ। लामो समयपछि खुल्न लागेको मलेसियाको रोजगारीका नाममा नेपालमा सिन्डिकेट सुरुवात भए त्यसको मलेसियासहित पश्चिमी मुलुकमा तीव्र रूपमा नकारात्मक टिप्पणी सुरु हुने र अन्ततः नेपाल नै मलेसियाको आकर्षक तलबसहितको रोजगारीबाट बिमुख हुन सक्ने खतरा बढ्ने कतिपयले टिप्पणी गरेका छन्।

त्यसका लागि मलेसियास्थित नेपाली दूतावास विशेष चनाखो हुनुपर्ने उनीहरूको सुझावसमेत छ। करिब १ वर्षअघिदेखि बन्द रहेको रोजगारी खुल्न लागेका बेला मलेसियामा सिन्डिकेट हुँदै छ भनेर हल्ला चलाउने र खुल्न लागेको मलेसियाको रोजगारीलाई डिस्टर्ब गराउने गिरोहको खेल भएको स्रोतको भनाइ छ।

मञ्चले पनि नयाँ एप्रुभल खोल्ने प्रक्रिया अगाडि बढेको अवस्थामा सिन्डिकेट लागू गर्न विभिन्न नाम र आवरणमा भएका चलखेलबाट मलेसियामा कामदार पठाउने ठूलो संख्याका वैदेशिक रोजगार व्यवसायीहरूलाई पेसा व्यवसायको अवसरबाट बञ्चित गराउने बताएको छ।

### ३२ वर्षपछि...

भएको मध्यान्ह दैनिकलाई जानकारी दिए। भवन खरिदका लागि हालसम्म ४ करोड १० लाख संकलन भएको र भवन राजीनामा गरी लिन ४ करोड ५३ लाख १४ हजार रहेको बताउँदै खत्रीले ४३ लाख १४ हजार सापटी लिएको बताए।

उक्त भवनका लागि मध्यान्ह राष्ट्रिय दैनिकले पनि १ लाख ११ हजार १११ रुपैयाँ सहयोग गरेको थियो। खत्रीले भवन खरिदका लागि सबै व्यवसायीको उल्लेख योगदान रहेको र त्यसमा पनि संघका सल्लाहकार रघु पुरी र अध्यक्ष राजेन्द्र भण्डारीको लगाव र मिहिनेत अविष्मरणीय रहेको बताए।

संघले भवन खरिदका लागि सहयोग गर्ने सम्पूर्ण व्यवसायीसहित सल्लाहकार, भवन खरिद समितिका अग्रज व्यवसायी, संघ कार्यसमिति सदस्य, संघका पूर्वअध्यक्षहरू र प्रगतिशील वैदेशिक व्यवसायी मञ्च नेपाललगायत विभिन्न संघ संस्थाहरूमा आभार व्यक्त गरेको छ।

प्रथम उपाध्यक्ष खत्रीले अगाडिको घरसमेत खरिद गर्ने प्रक्रिया रहेकाले उक घर किन्न सम्पूर्ण व्यवसायीलाई सहभागी हुन अनुरोध गरे।

संघले भवन खरिदका लागि योगदान गर्ने सम्पूर्ण सहयोगी दाताहरूको नामावली प्रकाशन गर्ने बताएको छ। संघले संघको आफ्नै प्रशासनिक भवनको परिकल्पना गरेको धेरै अगाडिदेखि हो। संघले करिब डेढ दशक अगाडि पूर्वअध्यक्ष दानबहादुर तामाङको कार्यकालमा सिनामंगल काठमाडौंमा खरिद गरेको करिब साढे ७ आना जग्गा भने हाल प्रयोगविहीन अवस्थामा छ।

### विद्यार्थीमाथि...

छन् भने प्रहरीले अनुसन्धान अगाडि बढाएको जनाएको छ। प्रहरीका अनुसार विद्यार्थीलाई तातो पन्युँले डाम्ने श्रेष्ठलाई नियन्त्रणमा लिइएको छ। श्रेष्ठलाई ५ दिन हिरासतमै राखेर अनुसन्धान गर्न जिल्ला अदालतले प्रहरीलाई अनुमति पनि दिएको छ।

सामाजिक संजाल प्रयोगकर्ता गणेश सुवेदी लेख्छन्, 'यस्तो उग्र आवेगमा आउनेहरूले शिक्षण नगरेको ठीक हुन्थ्यो होला।' अर्थात्, शिक्षक कस्तो हुनुपर्छ भन्ने उनको आशय छ। किनभने, शिक्षकले विद्यार्थीलाई आफ्नै व्यवहारबाट समाज सिकाइरहेका हुन्छन्। शिक्षक नै उग्र भए विद्यार्थीले के सिक्ने ? भन्ने प्रश्न खडा भएको छ।

विद्यार्थीमाथि यस्तो अमानवीय व्यवहार अन्यत्रसमेत भइरहेका उदाहरण छन्। शिक्षकले दिएका गृहकार्य नगरेको भनेर निर्मम तरिकाले पिटेका उदाहरण पनि छन्।

भविष्यका सबैखाले मार्गहरूको निर्देशन गर्ने शिक्षकले विद्यार्थीमाथि शक्ति प्रदर्शन गर्दा विद्यार्थीले के सिक्छ भन्ने राज्यले नै सोच्न आवश्यक छ। कुनै पनि शिक्षकको कठोर भूमिका र शक्ति प्रयोगले विद्यार्थीको जीवनमा कम्पन ल्याउँछ नै। उनीहरूले ती अनुभवहरूलाई भविष्यमा कसरी लिन्छन्, आफैं वयस्क भएपछि अरूसँग कस्तो व्यवहार गर्छन्, कस्तो आचरण देखाउँछन् भन्नेजस्ता कुराहरू शिक्षकको व्यवहारबाट समेत निर्देशित हुन्छ। यस कारण शिक्षकलाई गुरु मानिनुपर्छ भन्ने धारणा छ।

विद्यार्थीको आत्मसम्मानमा ठेस पुगे पनि शिक्षकले आफ्नो मर्यादा कायम गराउन आवश्यक हुन्छ। तर, शिक्षक र विद्यार्थीबीच यस किसिमको व्यवहार हुन नसकिरहेका उदाहरण बेलाबेला आउँछन्। तनहुँको पनि यो एक उदाहरण भएको एक शिक्षासेवी बताउँछन्। दण्डको चेतावनी दिएर विद्यार्थीलाई अनुशासन वा नियन्त्रणमा राख्ने शिक्षकको मनोविज्ञान गलत भएको उनको भनाइ छ। सिकाइका कदमलाई सजायसँग जोड्नु नै गलत हो भनेर शैक्षिक क्षेत्रमा बहस भइरहेका बेला तनहुँ घटनाले शिक्षकको मनोविज्ञान देखाइदिएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/१३ मा दर्ता भएको **प्रा. लि. नं. २६९८३२** को **स्मार्ट क्लिन एण्ड रिसाइकल प्रा. लि.** को मिति २०८१/१०/२३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

# गण्डकी प्रदेश समन्वय परिषद् कतारको अध्यक्षमा नन्दलाल वि.क. सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ३० माघ

गण्डकी प्रदेश समन्वय परिषद् कतारको चौथो अधिवेशन उद्घाटन र बन्द गरी दुई चरणमा सम्पन्न भएको छ। हाल कतारमा व्यवसायीका रूपमा स्थापित पर्वत जिल्ला फलेवास नगरपालिका वडा न ३ शंकर पोखरी निवासी नन्दलाल वि.क( अजय)को नेतृत्वमा बन्द सत्रबाट नयाँ कार्यसमिति चयन गर्दै अधिवेशन सम्पन्न भएको हो।



कार्यसमितिका वरिष्ठ उपाध्यक्षमा रोशन अर्याल (स्याङ्जा), उपाध्यक्ष कल्याण थापा (लमजुङ), अर्जुन संग्रौला (गोरखा) र महासचिव मनप्रसाद राना मगर (कास्की) कोषाध्यक्ष मदन जी.सी. (बाग्लुङ) र रहेका छन्।

कार्यसमितिको पदेन सदस्यहरूमा बाबुराम भण्डारी (म्याग्दी), नीराजन गौतम (बाग्लुङ), सन्तोष क्षत्री (पर्वत), अग्निधर देवकोटा(कास्की), विनोदप्रसाद बसौला (लमजुङ), ओम गुरुङ (गोरखा), मीन राज वाग्ले (तनहुँ), घनश्याम अर्याल (स्याङ्जा) रहेका छन्।

४ जना कार्यसमिति सदस्यहरूलाई पूर्ण कार्यसमितिको बैठकले मनोनित गर्नेछन्। सर्वसम्मत चयन कार्यसमितिलाई निर्वाचन समितिका संयोजक राकेश श्रेष्ठले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए।

कतारको राष्ट्रिय खेलकुद दिवसको अवसर पारेर मंगलबार अलत्तिया अवस्थित फूलबारी रेस्टुरेन्टमा सम्पन्न अधिवेशनको खुल्ला सत्र परिषद्का का.वा. अध्यक्ष नन्दलाल विकको सभाध्यक्षता तथा गैरआवासिय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद् (एनआरएनए आइसीसी) का उपमहासचिव प्रवीण गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। अधिवेशनमा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि गुरुङले गण्डकी प्रदेशको सुन्दरताका बारेमा मात्र नभइ कार्यसमितिको गरेका कार्यसम्पादन र आयव्यय सुन्दा गौरव लागेको बताए।

# उत्पीडित वर्गको हक अधिकार प्राप्तिको लागि वैकल्पिक शक्ति निर्माण गरिने

**धनुषा/मस**-नेपालका उत्पीडित उपेक्षित र पछाडि पारिएका वर्ग समुदायको हकअधिकारका लागि संघर्ष गर्ने उद्देश्यले देश र मधेशका लागि वैकल्पिक शक्ति निर्माण गर्न विभिन्न १० दलका साथै नागरिक अगुवाहरुको बैठक सम्पन्न भएको छ।




धनुषाको ढल्केबरमा बसेको बैठकले नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्व गृहराज्यमन्त्री मोहमद रिजवान अन्सारीलाई महागठबन्धन निर्माणका लागि जिम्मा दिएको छ। नेपाल सद्भावना पार्टीको विशेष आयोजनामा विभिन्न पार्टीहरुसँग मोर्चाबन्दीको लागि साझा मुद्दाहरुमा छलफल गरिएको छ। नेपाल सद्भावना पार्टीको तर्फबाट राष्ट्रिय अध्यक्ष रामकुमार महतो, उपाध्यक्ष अमरेन्द्र कुमार झा तथा महासचिव पवन कुमार साहको उपस्थिति रहेको थियो।

त्यसैगरी नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष अन्सारी, पूर्व प्रदेश गृह, सञ्चार तथा कानूनमन्त्री विमला अन्सारी, नेपाली जनता दलको अध्यक्ष हरिचरण साह, इतिहासिक जनता पार्टीका अध्यक्ष बद्री नारायण ठाकुर, बहुजन एकता पार्टी नेपालको वरिष्ठ नेता राजाराम पासवान, जनअधिकार पार्टी नेपालको अध्यक्ष ईमदाद गद्दी, राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय सदस्य संजय सिंह, नेपाली जनता दल, स्वाधिन मधेश अभियानी लगायतले मोर्चाबन्दीको लागि निकट भविष्यमा अर्को बृहत् बैठक बस्ने निर्णय गरेका छन्।

बैठकले प्राप्त उपलब्धिहरूको रक्षा गर्दै थप उपलब्धिहरूको लागि संघर्ष गर्ने, उद्देश्य प्राप्तिको लागि नागरिक समाज तथा राजनीतिक दलको संयुक्त महागठबन्धन निर्माण गर्ने निर्णय गरेको छ। यसको संयोजन गर्नका लागि नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्व गृहराज्यमन्त्री रिजवान अन्सारीलाई जिम्मेवारी दिइएको छ।

# देशकै पहिलो नवग्रह मन्दिर बन्दै

**स्याङ्जा/मस**- स्याङ्जा जिल्लामा देशकै पहिले नवग्रह मन्दिरको निर्माण सुरु भएको छ। अर्जुनचौपारी गाउँपालिका–१ पञ्चकन्या देवी मन्दिर परिसरमा देशकै पहिलो नवग्रह मन्दिरको निर्माण अन्तिम चरणमा पुगेको छ। मन्दिरको ६ फागुनमा प्राणप्रतिष्ठा तथा अनुष्ठानका विधि शुभारम्भ गरिने अर्जुनचौपारीका अध्यक्ष प्रकाश तिवारीले जानकारी दिए।

ग्रहका गुरु मानिने वृहस्पति हरेक राशिमा १२ वर्ष रहने हुँदा १ सय ४४ वर्ष अघिदेखि सुरु भएको एकचक्र यस अवधिमा पूरा गरी अर्को राशिमा प्रवेश गरेकाले वृहस्पतिको सोही राशि परिवर्तनले निकै ठूलो धार्मिक अर्थ रहन्छ। यो समय धार्मिक तथा नयाँ कामको सुरुवातका लागि उत्तम समय रहेकाले यसै समयलाई सदुपयोग गर्दै पालिकाले नवग्रह मन्दिर निर्माण कार्यलाई तीव्रता दिएको हो। नवग्रहको रूपमा पूजा गर्ने मन्दिर नेपालमा कहिँ नभएको अध्यक्ष तिवारीले बताए।

धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित नवग्रह मन्दिरमा ९ दिनसम्म विभिन्न धार्मिक कर्म, विधि, गीता पाठ, अनुष्ठान गरिनेछ। गणेश, कुलदेवता, इष्टदेवता, लक्ष्मी, दुर्गा, कालभैरव, हनुमान पञ्चकन्या देवीका पूजा भनेको नवग्रहको पूजा हो।

मन्दिरमा नौवटा भुजा राखिनेछ। ५ फिटको उचाइमा नवग्रहका ९ मूर्ति राखिनेछ। त्यसमाथि उचाइमा रहने पिल्लरमा चतुर्भुज आकारको सूर्यतर्फ फर्केको सौर्य मण्डालीयको प्रतिमा रहनेछ। मन्दिर परिसरभित्रै ९ वटा वृत्त बीचमा रहनेछ। मन्दिर परिसरमा षट्कोण र त्यसको बीचमा पशुपतिनाथका जस्तै ७ क्विन्टलको पञ्चमुखी शिवलिंग राखिने छ।

वर्ष दिनमा एकपटक आउने गणेश चतुर्थीका दिन र प्रत्येक साताको शनिबार मन्दिर दर्शन तथा नवग्रहको विधिवत् पूजा गर्न पाइने छ। नवग्रह मन्दिर भारतको असामस्थित चित्रसालको पहाडमा रहेको भनाइ छ। तर, नेपालमा भने पहिलो पटक बनाउन लागिएको हो। नौवटा सर्कल रहने मन्दिरको माथिबाट घुम्न थालेपछि तल्लो भाग सुरुङ मार्ग हुँदै बाहिर निस्कन सकिने गरी बनाइएको छ। क्रमागत रूपमा निर्माण गरिने मन्दिरलाई अर्जुनचौपारीले विशेष धार्मिक एवं पर्यटकीय केन्द्रबिन्दुको रूपमा विकास गर्ने लक्ष्य लिएको उपाध्यक्ष सपना गुरुङको भनाइ छ।

**यूएईमा रोजगार**

कम्पनीः KADEX CLEANING SERVICE L.L.C. — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०७/२० — चलानी नं.: ६०२२७५०४ — L.T. No.: 313098 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 0 | 26 | स. काममा दक्ष | 1000 | ३७,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ फागुन ८ गते (20 February 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**ओमनमा रोजगार**

कम्पनीः GULF SECURITY PROJECTS — शहर : Oman
पूर्व स्वीकृत मितिः २०८१/१०/३० — चलानी नं.: ६०२३२९५१ — LT. No.: 318814

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 3 | 0 | स. काममा दक्ष | 120 | ४३,२०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः Shumukh Musawrayya Trading — शहर : Oman
पूर्व स्वीकृत मितिः २०८१/१०/३० — चलानी नं.: ६०२३२९५४ — LT. No.: 318815

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter coffe shop | 2 | 0 | स. काममा दक्ष | 140 | ५०,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ८ गते (20 February 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**K.S.B. International Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal, Tel.: 01-4584933, Mo. 9866241297.
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net
Govt. Lic. No. 1394/074/075

# लुम्बिनी र गण्डकीबीच रणनीतिक विकासका लागि प्रतिबद्धतापत्रमा हस्ताक्षर

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
पाल्पा, ३० माघ



लुम्बिनी र गण्डकी प्रदेशले प्रदेशस्तरीय समन्वय र सहकार्यलाई सुदृढ गर्दै प्रदेशको रणनीतिक विकासका लागि प्रतिवद्धता जनाएको छ। लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य र गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले दुई प्रदेशबीच समन्वय र सहकार्यका लागि २१ बुँदे साझा प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका हुन् । नेपालको संविधानको धारा ५६ अनुसार राज्यशक्तिको बाँडफाँड, संघीय ढाँचाको शासकीय अभ्यास तथा ३ तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको मर्मलाई आत्मसात् गर्दै लुम्बिनी र गण्डकी प्रदेश सरकारबीच पहिलो ऐतिहासिक बैठक पाल्पाको रानीमहलमा भएको हो ।

बैठकमा दुवै प्रदेशका साझा सम्भावनालाई सम्बोधन गर्ने तथा प्रदेश सरकारलाई जनताको अझ नजिक पुऱ्याउने उद्देश्यका साथ विभिन्न महत्वपूर्ण निर्णयहरू गरिएको हो ।

साझा प्रतिवद्धताअनुसार दुवै प्रदेशबीच नेपालगञ्ज-जोमसोम र भैरहवा-जोमसोम हवाइ सेवा विस्तार गर्न पहल गर्ने, लुम्बिनी-लोमान्थाङ (लुम्बिनी-मुक्तिनाथ) सिल्क रोड, लुम्बिनी-त्रिवेणी-दुम्किबास सडक, गैंडाकोट-कालीगण्डकी कोरिडोर, भीमगिठे-बुर्तिवाङ-गौमुखी-झिमुक सडकलगायतका अन्तरप्रदेशीय सडक सञ्जालको स्तरोन्नतिका लागि पहल गर्ने तथा बुटवल-पोखरा सिद्धार्थ राजमार्गलाई २ लेनमा विस्तार गर्न संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरिएको छ ।

भरतपुर-बुटवल-पोखरा क्षेत्रलाई समेटी गण्डकी आर्थिक त्रिभुज परियोजना कार्यान्वयन गर्न पहल गरिने, प्रादेशिक औद्योगिक क्षेत्र स्थापना गर्ने र स्थानीय उत्पादन तथा रोजगारी सिर्जना हुने गरी आगामी आर्थिक वर्षमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने विषयसमेत प्रतिबद्धतामा समेटिएको छ ।

कृषि तथा पशुपछीजन्य उत्पादनको बजारीकरण, गुणस्तर सुनिश्चितता तथा वितरण प्रणाली सुधार गर्न पोखरा र लुम्बिनीमा चिस्यान केन्द्रसहितको बिक्री कक्ष तथा खाद्य गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिने, कृषि तथा पशुजन्य उत्पादनलाई दुवै प्रदेशका मुख्य बजार केन्द्रहरूसम्म पुऱ्याउन बजार पूर्वाधार तयार गर्न संयुक्त सम्भाव्यता अध्ययन समिति गठन गरिने प्रतिवद्धतापत्रमा उल्लेख छ ।

उत्तर-दक्षिण कालीगण्डकी कोरिडोरलाई आर्थिक कोरिडोरका रूपमा विकास गरी हिमाली तथा पहाडी जिल्लाका उत्पादनलाई तराई तथा सीमापार बजारसँग जोड्न दुवै प्रदेशले व्यवसाय, कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्नेछन् । होटल व्यवसाय सञ्चालनका लागि प्रवर्द्धनात्मक कार्यक्रम अघि बढाइने, दुवै प्रदेशमा उत्पादन भएका कृषि उपज तथा वनजन्य जडिबुटिलाई मूल्य शृङ्खलासँग जोड्न प्रशोधन केन्द्र स्थापना गर्न निजी क्षेत्रसँग सहकार्य गरिने र सोका लागि आगामी आर्थिक वर्षदेखि दुवै प्रदेशबाट ब्याज अनुदान दिने गरी कार्यक्रम सञ्चालन गरिने उल्लेख छ ।

दुवै प्रदेशको प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदामा आधारित पर्यटनको एकीकृत विकास गर्न साझा कार्यक्रम तयार गरिने, लुम्बिनी-पोखरा-मुक्तिनाथलाई मुख्य पर्यटन मार्गका रूपमा विकास गरी दुवै प्रदेशका पर्यटकीय गन्तव्यसम्म जोड्ने एकीकृत पर्यटन मार्ग निर्माण गर्न संयुक्त गुरुयोजना तयार गरिने, त्रिवेणी-देवघाट-रिडी रुरु क्षेत्र-मुक्तिनाथलाई धार्मिक तथा सांस्कृतिक क्षेत्रका रूपमा विकास गर्न संयुक्त कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

यस्तै, गोरखा-तनहुँ-स्याङ्जा-पाल्पा-गुल्मी-प्यूठान-रोल्पा मगर सांस्कृतिक पर्यटकीय पदमार्ग, लुम्बिनी प्रदेशमा थारू-अवध-नेवार तथा गण्डकी प्रदेशमा गुरुङ-थकाली-नेवार समुदाय विशेष पर्यटकीय पदमार्ग विस्तारका लागि एकीकृत कार्यक्रम बनाइने, लुम्बिनी प्रदेशको लुम्बिनीमा बुद्ध सर्किट (तिलौराकोट-लुम्बिनी-रामग्राम) को विकास गरी धार्मिक तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गरिनेछ भने गण्डकी प्रदेशका मनास्लु, अन्नपूर्ण र मुक्तिनाथ क्षेत्र तथा पोखरालाई साहसिक, धार्मिक तथा स्वास्थ्य पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न जोड दिने सहमति दुई प्रदेशबीच भएको छ । लुम्बिनी प्रदेशका बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज तथा गण्डकी प्रदेशका चितवन राष्ट्रिय निकुञ्ज, मनास्लु तथा अन्नपूर्ण संरक्षण क्षेत्र र दुवै प्रदेशमा पर्ने ढोरपाटन शिकार आरक्षलाई समेटी पर्यावरणीय तथा साहसिक पर्यटन सर्किटका रूपमा विकास गरिने छ ।

दुवै प्रदेशमा रहेका उद्योगहरूको कार्यक्षेत्र विस्तार गर्दै बुटवलमा निर्माणाधीन मोतिपुर औद्योगिक क्षेत्र र गण्डकी प्रदेशमा निर्माणाधीन लोकाहा खोला औद्योगिक क्षेत्रको उपयोग गर्न निजी क्षेत्रलाई सहजीकरण गरिने, खानी तथा खनिज उद्योगको स्थापना, सञ्चालन तथा विस्तार गर्न तथा प्राकृतिक स्रोतजन्य उत्पादनको विक्री वितरण व्यवस्थित गर्न सेवा शुल्क तथा दस्तुरमा एकरुपता कायम गरिने उल्लेख छ ।

# लाभग्राहीसँग ५ हजारका दरले रकम असुल गरेको आरोप



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० माघ

रौतहटको गरुडा नगरपालिकामा सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत लाभग्राहीसँग पाँच हजारका दरले रकम असुल गरिएको आरोप लागेको छ ।

गरिब विपन्नको नाममा आएको रकममा एजेन्ट लगाएर पैसा उठाइएको उनीहरुले आरोप लगाएका छन् ।

सुरक्षित नागरिक आवास कार्यक्रममार्फत नागरिकको पराल, खरको छाना भएका घर विस्थापित गर्न ७५ हजार रूपैयाँ पाउने व्यवस्था रहेको छ। त्यही व्यवस्था अनुसार नै गरिब, विपन्नको नाममा गरुडामा गत आर्थिक वर्षमै आएको रकममा कमिसन स्वरुप पाँच/पाँच हजारको दरले प्रतिपरिवार रकम असुल गरिएको पीडितहरुको आरोप छ ।

वडा सचिवले आफूहरुसँग पाँच हजारका दरले पैसा लिएको गरुडा नगरपालिका वडा नम्बर ४ का रवि साहले बताए । बैंकको खाता खोल्नुपर्ने भन्दै पैसा उठाएको उनले बताए ।

पैसा लिएको १० महिना बित्दा पनि आफूहरूले पाउनुपर्ने रकम पाउन नसकेको उनको भनाइ छ।

त्यस्तै अर्का स्थानीय दिपेन्द्र साहले भने, 'नागरिकको लागि आएको रकममा कुनै किसिमको पैसा नउठाउनु पर्ने हो तर हामीहरुसँग पैसा लिइएको छ।' लाभग्राहीले पाउनुपर्ने सुविधा नगरपालिकाले छिटो भन्दा छिटो उपलब्ध गराइदिन उनीहरुले माग गरेका छन्। यसरी गरिबसँग पैसा उठाउनेलाई कारबाही गर्न पनि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएका छन् ।

सोही वडाका सियाराम साहले फर्मको नाममा आफूहरुसँग वडा सचिवले पाँच हजार लिएको बताए । पाँच हजार रुपैयाँ उठाइएको एउटा अडियो संवाद पनि बाहिर आएको छ । गरुडा नगरपालिका वडा नम्बर ५ का स्थानीय शैलेन्द्र यादवसँग भएको उक्त संवादमा श्रीसाह नाम गरेका व्यक्ति पैसा उठाएको स्वीकार पनि गरेका छन् ।

यता वडा नम्बर ४ का वडा सचिवसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन । यसै विषयमा गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुस्ताक आलमसँग बुझ्दा गत आर्थिक वर्ष २०८०/८१ मा नै सुरक्षित नागरिक आवासको लागि रकम आएको बताए। पहिलो किस्ताको रकम ४५ हजार भने सम्बन्धित व्यक्तिको खातामा गइसकेको जानकारी गराए ।

दोस्रो किस्ताको रकम चालु आर्थिक वर्षमा पैसा आएपछि पठाइने उनको भनाइ छ । पैसा कसले उठायो भने बारे आफूलाई केही जानकारी नभएको उनले बताए ।

गरुडा नगरपालिकामा कति संख्यामा सुरक्षित नागरिक आवास रकम आएको हो यसबारे आफूले बुझेर बताउने उनले बताए ।

# आजदेखि नसर्ने रोगसम्बन्धी निःशुल्क परीक्षण

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नसर्ने रोग पहिचान र समयमै उपचारका लागि बिहीबारदेखि एक महिने परीक्षण अभियान थाल्ने भएको छ। निरोधात्मक विधिबाट रोगहरू विरुद्ध प्रतिकारात्मक अभियान चलाउन बिहीबारदेखि परीक्षण अघि बढाउन लागिएको हो ।

'हामीले सार्वजनिक गरेको योजना तथा प्राथमिकतामा उपचारात्मक सेवा व्यवस्थित गरेसँगै निरोधात्मक विधिबाट नागरिकलाई रोगको दुष्चक्रबाट यथासम्भव जोगाउने योजना अन्तर्गत अभियान थालिएको हो,' मन्त्री प्रदीप पौडेलले भने,'नागरिकको आधारभूत स्वास्थ्य परीक्षण अनि सचेतनाका माध्यमबाट सकेसम्म रोग लाग्नै नदिने तथा लागेको खण्डमा समयमै उपचारबाट नागरिकको स्वास्थ्य र नागरिक तथा राज्य दुवैको धनराशी जोगाउने हाम्रो प्रयत्न जारी छ ।'

नेपालमा १ करोड ४० लाख ९० हजार नागरिक ३० वर्ष माथिका छन् । यही उमेर समूहका नागरिकलाई समेट्ने लक्ष्य स्वास्थ्य मन्त्रालयले राखेको छ। अभियानका क्रममा ३० वर्ष माथिका सबै नागरिकलाई स्थानीय स्वास्थ्य संस्थाहरूमा मधुमेह, उच्च रक्तचाप, मुगौला सम्बन्धी रोग तथा शरिरको उचाइ र तौलको अनुपात पहिचान गर्ने मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकीले बताए। मन्त्रालयले यो सेवा निःशुल्क गर्ने बताएको छ ।

'स्थानीय तहसम्म रहेका स्वास्थ्य संस्थामा ३० वर्ष माथिका सबैलाई निःशुल्क परीक्षण गरिनेछ,' प्रवक्ता बुढाथोकीले भने ।

WE ARE HIRING
Join Our Team
Positions:
- Public Relation Officer (PRO) (Male/Female) - 5
- Photo Studio (Female) - 2
• Requirements
★ Minimum 2 or3 Years of Experienced in Manpower field.
★ For Photo Studio Priority will be given experience in Photoshop.
Interested candidates send your CV to apply:
aayusoverseas1341@gmail.com
Salary Negotiable
AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01- 5915290
Mobile No:; 9801502463.Web: www.aayushoverseas.com.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी सूचना
यस कार्यालयमा मिति २०६८/०२/०१ मा दर्ता भएको **नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजि कन्स्ट्रक्सन प्रा. लि. (प्रा.लि. नं. ८३२११)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी सूचना
यस कार्यालयमा मिति २०६८/०२/०१ मा दर्ता भएको **सिभिल सोसाईटी कन्स्ट्रक्सन प्रा. लि. (प्रा.लि. नं. ८३२१८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

साइप्रसमा रोजगार
कम्पनी : C.&C.PRIVATE EMPLOYMENT AGENCY शहर: LIMASSOL
पूर्व स्वीकृत मिति: २०८१/०३/१८ चलानी नं.: ६०२२१८९० LT. No.: 307188 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1050 | १५०,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chambermaid | 5 | 0 | | 1061 | १५१,७४४ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 1300 | १८५,९२६ | | | | | | | |
| 4. | Kitchen Helper | 3 | 0 | | 900 | १२८,७१८ | | | | | | | |
| 5. | Waiter | 5 | 0 | | 1235 | १७६,६३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ८ गते (20 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Seasonal Manpower Company Pvt. Ltd.
टाउनप्लानिङ, सामाखुसी, काठमाडौं, फोन: नं.: ०१-४९८०५३८. Email: seasonalmp@gmail.com
Mobile: 9851082831, 9705083832, 9705082831
श्रम इजाजत नं ९८५/०६७/०६८

Infrastructure Development Office
Khalanga, Jajarkot
Invitation for Bids (IFB No: JKT-09-081/082)
Date of Second Publication: 2081/11/01 (13 February, 2025)

1. Infrastructure Development Office (IDO),Jajarkot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| SN | Contract Identification No./Description of works | Minimum Average annual Construction Turnover of best 3 years within the Last 10 years (NRs) | Bid Security Amount (NRs.) | Bid Validity and Bid Security Validity Period | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1 | IDO/JKT/W/NCB/BLD/51/081-082(RE), Construction of different School Building and Health Post building at Junichade Rural Municipality, Jajarkot | 5,80,00,000.00 | 11,00,000.00 | 90 days and 120 days from bid opening date. | 5,000.00 |

2. For more detail visit the PPMO's Website www.bolpatra.gov.np./egp and Website www.idojajarkot.karnali.gov.np.

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, नयाँ बानेश्वर शाखाको १५ दिने सार्वजनिक सूचना ।।**

(प्रकाशित मिति : २०८१/११/०१ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **२०८१ साल वैशाख महिना २८ गतेको राजधानी राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल पौष महिना ०४ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा कुनै शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| क्र.सं. | ऋणीहरूको नाम, थर र ठेगाना : |
|---|---|
| १. | कुलानन्द झाको छोरी, विरेन्द्र झाको श्रीमती, महोत्तरी जिल्ला, ईकरहिया गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं. ०८ बस्ने **सरस्वती देवी-१** तथा कृष्ण देव झाको नाति, विरेन्द्र झाको छोरा, महोत्तरी जिल्ला, एकरहिया गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा. नं. ०८ बस्ने **पंकज कुमार झा-१** समेत जना २ । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | सुरेन्द्र झाको छोरी, पंकज कुमार झाको श्रीमती, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं. ०८ बस्ने **बेनुका झा** । |
| २. | जयकान्त झाको नाति, कृष्ण देव झाको छोरा, महोत्तरी जिल्ला, एकरहिया गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा. नं. ०८ बस्ने **विरेन्द्र झा** । |
| **धितो सुरक्षणको विवरण :** | |
| **सरस्वती देवीको** नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला, एकरहिया गा.वि.स. वडा नं. १ स्थित नक्सा सिट नं. १क र १ख को कित्ता नं. ३६७ र ८०३ को ०-१-१३ र ०-२-१५ (बि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । | |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय नयाँ बानेश्वरमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८१ साल फाल्गुन महिना १५ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल फाल्गुन महिना १९ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

मध्यान्ह
www.madhyanhadaily.com
१ फागुन २०८१ बिहीबार
13 February 2025, Thursday

सम्पादकीय

## समन्वय नमिल्दाको संकट

सिंहदरबार छेऊमै मेलम्ची खानेपानी आयोजनाको पाइप फुटेर बबरमहल क्षेत्र जलमग्न हुनु झट्ट हेर्दा धेरै ठूलो घटना होइन । किनकि खानेपानीको पाइप मात्र होइन, अरू संरचनामा पनि समस्या आउँछन्, मर्मत आवश्यक पर्छ । परियोजनाहरूको मर्मत संभारका निम्ति कार्यक्रम बनाइनु र जनपरिचालन त्यसैका निम्ति हो । अझ बबरमहल क्षेत्रमा जलमग्न हुनुको समस्या तत्कालै समाधान भयो । तत्काल समाधान हुन्छ भने त्यो समस्यालाई ठूलो मान्नु भएन । तर यसलाई नमूना समस्याका रूपमा लिएर हेर्दा यो ठूलो समस्या हो । किनकि राजधानी उपत्यकामा एकअर्का निकायहरूबीच समन्वय नहुँदा असाध्यै समस्याहरू देखिने गरेका छन् । बबरमहलमा खानेपानीको पाइप फुट्नुमा विद्युत प्राधिकरणसँग समन्वय नहुनु थियो । भूमिगत तार लैजाने क्रममा खन्दा खानेपानीको पाइप फुटेको थियो ।

विद्युत प्राधिकरणले आफ्नो गल्ती स्वीकार्‍यो । यदि मेलम्ची खानेपानी आयोजनासँग समन्वय गरिएको थियो भने पाइप फुट्नेगरी मेसिन चल्ने थिएन । तर समन्वय भएन, बबरमहल क्षेत्र जलमग्न हुने परिस्थिति सिर्जना भयो । प्राधिकरण र खानेपानीबीच समन्वय नभए जस्तै सडक विभाग, नेपाल टेलिकम र अरू निकायहरूबीच समन्वय नहुँदा राजधानीबासीले धेरै दुख पाइरहेका छन् । सडक विभाग र खानेपानीबीच सबभन्दा धेरै समस्या छ । सडक विभागले सडक निर्माण गर्ने, तर तत्कालै खानेपानी आयोजनाले भत्काउने गर्दा सडक सधैं कच्ची र धुलाम्मे हुने गरेको छ । विद्युत प्राधिकरणले सडक भत्काउने क्रम चलिरहेकै हुन्छ । सडक विभागले सडक बनाइरहेकै हुन्छ । स्थानीय सरकार, प्रदेश र अरू संरचनाबाट बनाउने सडकप्रति आवश्यक समन्वय भइरहेको हुँदैन ।

सरकारकै एकअर्का निकायबीच समन्वय नहुँदा देशले आर्थिक क्षति मात्र बेहोर्नु परिरहेको छैन । कतिपय अवस्थामा त सर्वसाधरणका निम्ति ज्यानमारा धराप नै हुने गरेको छ । तर आवश्यक समन्वय गर्नेतर्फ पहलकदमी देखिदैन । बरू दुरी बढाउने काम भइरहेको छ । काठमाडौं महानगरका मेयर बालेन्द्र शाहले संघीय सरकारसँग जानाजान दुरी बढाउन चाहिरहेको देखिन्छ । गठबन्धन सरकार हुने भएकाले एकअर्का मन्त्रीहरूबीच समस्या छ । अझ अस्थिर सरकार हुनुको नोक्सानी एउटै मन्त्रालयले पनि स्थिर योजना अगाडि बढाउन सकिरहेको छैन । त्यसैले बबरमहल प्रकरण राजधानीमा असमन्वयका कारण निम्तिएको एउटा उदाहरणीय समस्या हो । यसतर्फ नेतृत्वले आवश्यक ध्यान दिन जरूरी छ ।

# सुशासन, सेवा प्रवाह र अनुदान

ठूलो रकम अनुदान वितरण गरिरहँदा पनि कृषि उत्पादनबाट जी. डी. पी.मा योगदान बढेको छैन, रोजगारी पनि वृद्धि भएको छैन । मूलतः उत्पादन वृद्धि भएर आयात प्रतिस्थापन हुन सकेको छैन...

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

राज्यले सुशासनको नारा लिएको छ तर कर्मकाण्डी नारा कहिल्यै पूरा भएका छैनन् । सेवा प्रवाह अतिराम्रो भनिन्छ तर जनआक्रोश धेरै ठूलो छ । राज्यले अनुदान वितरण गरेको भनेको छ तर टाठाबाठाहरूले पाएका र निरीहले नपाएका व्यापक गुनासो छ ।

नागरिक बडापत्रहरू केवल देखाउनैका लागि रहेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन हेर्‍यो, सुशासनकै अभाव देखिन्छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन हेर्‍यो, बेरुजुको चाङ देखिन्छ । आन्तरिक राजस्व विभागको प्रतिवेदन हेर्‍यो, कर छलीको कुरो धेरै देखिन्छ । आमउपभोक्ताहरूको मुहार हेर्‍यो, खुसी कोही देखिन्नन् ।

केहीबाहेक स्वदेशभन्दा विदेशप्रिय देखिन्छन् नागरिकहरू । खासगरी आशालाग्दा युवाहरू । यो देश कसले बनाउने ? किन यति धेरै विकृति ? पछिल्लो लामो समयदेखि कृषि उत्पादन खस्किएको, खाद्यान्न आयात गर्नुपरेको तर यसमा हुने अनुदान भने भारी वृद्धि भएको तथ्यांक छ ।

बजेट बढ्दै जाने, आर्थिक वृद्धि ओरालो लाग्दै जाने देशको भयावह रोगलाई यो राजनीतिक प्रणालीले के कसरी हेरेको छ, अन्योल छाएको छैन र सर्वत्र ?

सुशासनको मर्मलाई देशले बिर्सेको छ । स्थायी रूपमा रहेका एकाध राष्ट्रसेवकहरू भ्रष्टाचारमा मुछिएका सूचना आउँथे पहिले, अहिले त यति धेरै आउन थालेका छन् कि गनेर भ्याइँदैन । राजनीतिक आड नपाउने हो भने कर्मचारीले भ्रष्टाचार गर्न सक्दैन अथवा यसो भनौं, निर्वाचित जनप्रतिनिधि र मनोनीत पदाधिकारीहरू नै भ्रष्टाचारमा संलग्न रहेका अख्तियारको रिपोर्टले बताइरहेको छ ।

लोकतन्त्रमा सुशासन हुन्छ, सेवा प्रवाह चुस्त र दुरुस्त हुन्छ भन्ने सैद्धान्तिक मान्यता हो तर हाम्रो देशमा नीतिगत भ्रष्टाचारले नै प्रश्रय पाएको देखिन्छ । १ वर्षको अन्तरालमा औपचारिक भ्रष्टाचारका २०१ मुद्दा दायर भएका छन्, यसमा उजुरी संख्या ३५ हजार ७९७ भनिएको छ । मुद्दामा राष्ट्रसेवक कर्मचारी नै ५२४ जना संलग्न रहेका, निर्वाचित जनप्रतिनिधि १०१ रहेका, मनोनीत पदाधिकारी १८१ रहेका, व्यवसायीहरू ९१ रहेका र अन्य व्यक्ति ६१९ रहेका तथ्यांक सार्वजनिक भएको छ ।

पछिल्लो चर्चा टोल सुधार समितिलाई सक्रिय गराउनेसम्मको अवधारणा आएको देखिन्छ । संवैधानिक अंगहरू निष्क्रिय भइरहेका सन्दर्भमा स्थानीय प्रतिनिधिहरूसँग मिलेमतो गर्दै टोल सुधार, उपभोक्ता समिति भन्दै बजेट तान्ने परम्परा बसेका बेला यी समितिहरू पालिकामा दर्ता मात्र भएका, संविधानले नचिनेका समितिहरूबाट सुशासन कायम हुन्छ भन्नुले राज्यका प्रशासनिक संयन्त्र निष्क्रिय भएको थप पुष्टि हुन्छ ।

संघीयताको प्रवेशसँगै भ्रष्टाचारको दायरा फराकिलो हुँदै आएको छ । बेरुजुको आकार बढ्दै आएको छ । देशमा १६ खर्बको बजेट छ, बेरुजु अहिलेसम्म ११ खर्ब ८३ अर्ब २६ करोडको छ । गत वर्षको बेरुजुमध्ये २३ अर्ब ४० करोड असुल गरेको देखिन्छ भने १७ अर्ब ६९ करोड अनियमित देखिएको थियो, असुल उपर गर्नुपर्ने २३ अर्ब ४० करोड थियो ।




इता, राजस्व छलीको अंक कम छैन । झुटा र नक्कली बिल बीजकको प्रयोगले ११ अर्बभन्दा बढी अंक देखिएको छ । आन्तरिक राजस्व विभागले गत वर्षकै राजस्व छली ११ अर्ब बढी देखाएको थियो । राजस्व अनुसन्धान विभागको तथ्यांक उस्तै छ । उसको भनाइमा पनि गत वर्षको राजस्व छली ७ अर्ब ३० करोडको छ भने यसमा संलग्नविरुद्धको मुद्दा २८२ बढी छ ।

खासगरी निर्माण, ठेक्कापट्टा, राजस्व, मालपोत, अन्य भूमि प्रशासनमा सुशासनको धेरै अभाव देखिन्छ भने निर्माण गरेर बिल पास भएको एक हप्ता नबित्दै बाटाघाटा पग्लन थाल्छन् । देशको आमक्षेत्र बहुतै जटिल मोडमा पुगेको भान हुन्छ । सेवा प्रवाह खासगरी शिक्षा, स्वास्थ्य, बजारमा आमउपभोक्ता ठगिएका छन् । भनेको समयमा गुणस्तरीय काम भएको छैन । राज्यले मौलिक हक भनेर कानुनमा व्यवस्था गरेको छ तर कार्यान्वयनको सख्त अभाव छ । टाठाबाठा पोसिने तर आमउपभोक्ता निराश रहने हाम्रो प्रणाली रह्यो ।

कृषि विकास मन्त्रालयले ५ वर्षमा १ खर्ब ७ अर्ब ६६ करोड २७ लाख ८९ हजार कृषि क्षेत्रमा अनुदान बाँडेछ र भनेको छ- यसबाट १ करोड ९६ लाख कृषकहरू लाभान्वित भएका छन् । आर्थिक वर्ष २०७६/०७७ देखि २०८०/०८१ सम्ममा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा उसले यो रकम अनुदान दिएको भनेको छ ।

प्रत्यक्षमा उखु किसान प्रोत्साहन, कृषि बीमा, पशुपक्षी बीमामै २० अर्ब ३० करोड ३० लाख अनुदान दिएको र अप्रत्यक्षमा रासायनिक मलमा ८७ अर्ब ३५ करोड ९७ लाख, प्रधानमन्त्री कृषि आधुनिकीकरणमा कृषि सहकारी १ लाख ४१ हजार ६७० संस्थालाई, कृषि समूह, कृषि फार्ममार्फत कुल ६ अर्ब ६१ करोड ९५ लाख प्रवाह भएको भनेको छ ।

रानी जमरा कुलेरियाका २१ हजार ४५० कृषि सहकारी, कृषि समूह, फार्ममार्फत १८

> अख्तियारदुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन हेर्‍यो, सुशासनकै अभाव देखिन्छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन हेर्‍यो, बेरुजुको चाङ देखिन्छ । आन्तरिक राजस्व विभागको प्रतिवेदन हेर्‍यो, कर छलीको कुरो धेरै देखिन्छ । आमउपभोक्ताहरूको मुहार हेर्‍यो, खुसी कोही देखिन्नन्...

करोड ४८ करोड ६१ हजार, कृषि क्षेत्र विकास कार्यक्रममार्फत ८० करोड १९ लाख ६१ हजार, लाइभ स्टक इनोभेसन आयोजनाका ११ हजार १५० कृषि सहकारी समूह, फार्ममार्फत १ अर्ब ५ करोड ३७ लाख अनुदान प्रवाह भएको, रिड परियोजना स्टार्टअप ग्रान्ट कार्यक्रममार्फत ३६६ कृषकलाई १ करोड ६४ लाख, उखु कृषि प्रोत्साहन अनुदान ४ अर्ब ७ करोड, २४ लाख, प्याक्ट परियोजनाबाट १ हजार २२३ कृषि सहकारी समूह, फार्ममार्फत २ अर्ब १० करोड २६ लाख अनुदान प्रवाह भएको भनिएको छ ।

यति ठूलो रकम अनुदान वितरण गरिरहँदा कृषि उत्पादनबाट जी. डी. पी.मा योगदान बढेको छैन, रोजगारी पनि वृद्धि भएको छैन । मूलतः उत्पादन वृद्धि भएर आयात प्रतिस्थापन हुन सकेको छैन । यसबाट के शंका गर्न सकिन्छ भने, वास्तविक किसानले अनुदान पाएका छन् र ? प्रश्न यहाँ उब्जिएको छ । यो राजनीतिक प्रणाली, हो तल्लो तहसम्मै पुगेको छ तर सुशासन दिन, सेवा प्रवाह चुस्त राख्न कि भ्रष्टाचारको मौलो उभ्याउन ? अर्को प्रश्न पनि तेर्सिएको छ हाम्रा सामु ।

## इतिहासमा आज

१३ फेब्रुअरी १९४५ मा जर्मनीको ड्रेसडेन शहरमा बम विस्फोट भएको थियो, जसमा २२ हजारभन्दा बढी मानिसहरू मारिएका थिए ।



१३ फेब्रुअरी २०२१ मा उत्तर अमेरिकी जाडो आँधीले टेक्सास र मेक्सिकोका केही भागहरूलाई तहसनहस पारेको थियो, जुन घटनामा २९० जनाको मृत्यु भएको थियो । यसबाट आधा जनसंख्या प्रभावित भएका थिए ।



१३ फेब्रुअरी १९६० मा फ्रान्सले सहारा मरुभूमिमा आफ्नो पहिलो परमाणु बम विस्फोट गरेको थियो ।



१३ फेब्रुअरी २०१० मा भारतको पुनेमा जर्मन बेकरी विस्फोट भएको थियो, जुन घटनामा १८ जनाको मृत्यु भएको थियो भने ६० भन्दा बढी घाइते भए । विस्फोट घटनामा इस्लामवादी आतंकवादी समूह लस्कर-ए-तोयबा र इन्डियन मुजाहिद्दीनले आक्रमणको जिम्मेवारी लिएका थिए ।



## सामाजिक सञ्जाल




**सन्तोष सिग्देल**

सार्वजनिक नीति निर्माण प्रक्रियामा सहभागी भएर नागरिक वा नागरिक समूहले आफ्नो भनाइ राख्दा ती समूहका चासो केके हुन् भनेर सुन्ने, सरकारले के गर्न लागेको हो भनेर बुझाउने कि 'अवाञ्छित तत्व' हुन् 'परिचालित तत्व' हुन् भनेर उपेक्षा गर्ने ? सहभागितामूलक नीति निर्माण प्रक्रिया यस्तो त हुन्न ।



**भीष्म कुमार**

कुन हदसम्मका वाहियात व्यक्तिहरूलाई सत्ता सुम्पेका छन्, नेपाली जनताले भन्ने कुरा यहीं देखिन्छ । अर्बौंको बहुउद्देश्यीय भनेर टावर बनाइन्छ, जो प्रयोगविहीन छन् । अनि, यता जनस्वास्थ्य जस्तो ठूलो मुद्दालाई यूएसएडमा निर्भर गर्न परेको छ ।



**अजयभद्र खनाल**

विदेशी सहयोग रोकिनु नेपालको दीर्घकालीन हितमा छ । यहाँ के हुँदै आएको छ भने, विश्व बैंक र यूएसएड जस्ता दाताहरूले सेवा प्रवाह र विकास क्षेत्रमा लगानी गर्दै आएका छन् । अनि, सरकारले भने आफूले लगानी गर्नुपर्ने पैसा जथाभावी बाँड्न र भ्रष्टाचार गर्न मिल्ने क्षेत्रमा डाइभर्ट गर्दै आएको छ ।



**पिएच निर्भीक**

नेपाली कांग्रेस पहिलो दल भएर पनि प्रधानमन्त्री पा'को छैन । देशमा दोस्रो र तेस्रो दलकै हालीमुहाली छ । अनि, पहिला पनि अदालतले परमादेश जारी गरेर कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएका थिए । अहिले पनि अदालतले गिरिबन्धु टीमा परमादेश जारी गर्‍यो भने फेरि प्रधानमन्त्री हुने भए ।

# बालअधिकार र विभेद

विचार



● प्रदीप सिंह

> समाजमा अझै पनि 'छोरी भनेको अर्काको घर जाने हो' भन्ने सोच हावी छ । यसले गर्दा छोरीको शिक्षामा लगानी आवश्यक छैन भन्ने भ्रम कायम छ । गरिब परिवारहरूले सीमित साधन भएका कारण छोरालाई मात्र महँगो विद्यालयमा पढाउने निर्णय गर्छन्...

शिक्षा प्रत्येक बालबालिकाको आधारभूत अधिकार हो । शिक्षाले उनीहरूको उज्ज्वल भविष्य मात्र निर्माण गर्दैन, समाजमा समानता, चेतना र आत्मनिर्भरता पनि स्थापित गर्छ । कुनै पनि समाज समृद्ध हुन बालबालिकाको उचित शिक्षामा जोड दिन आवश्यक छ । विशेषगरी नेपाल जस्तो विकासशील देशमा शिक्षाले सामाजिक र आर्थिक प्रगतिको मार्ग प्रशस्त गर्छ ।

तर, नेपालका केही क्षेत्रहरू, विशेषगरी मधेशमा, अझै पनि छोरा-छोरीको शिक्षामा ठूलो भेदभाव देखिन्छ । छोरालाई बोर्डिङ स्कुलमा पढाउने तर छोरीलाई सरकारी विद्यालयमा सीमित गर्ने प्रवृत्ति धेरै परिवारमा कायम छ । यो प्रवृत्ति समाजमा गहिरोसँग जरा गाडेर बसेको लैंगिक विभेदको उदाहरण हो, जुन तत्काल सुधार गर्न आवश्यक छ ।

शिक्षा बालबालिकाको उज्ज्वल भविष्यको आधार हो । शिक्षित व्यक्ति आत्मनिर्भर बन्छन्, समाजमा सम्मान पाउँछन् र आफ्नो खुट्टामा उभिन सक्षम हुन्छन् । शिक्षाले लैंगिक, जातीय र आर्थिक विभेद हटाउन मद्दत गर्छ । शिक्षित समाज विवेकशील हुन्छ र सकारात्मक परिवर्तन ल्याउन सक्षम हुन्छ । साथै, शिक्षाले बालश्रम, शोषण तथा गलत क्रियाकलापबाट जोगिन पनि मद्दत गर्छ । शिक्षित बालबालिकाले आफ्नो अधिकारको रक्षा गर्न सक्छन् ।

नेपालको संविधान र बालअधिकारसम्बन्धी कानुनअनुसार ५ देखि १८ वर्षसम्मका बालबालिकालाई काममा लगाउनु गैरकानुनी मात्र होइन, अमानवीय पनि हो । बालबालिकाको मानसिक, शारीरिक र बौद्धिक विकासको महत्त्वपूर्ण चरणमा उनीहरूलाई काममा लगाउनु भनेको उनीहरूको भविष्य नष्ट गर्नु हो ।

बालबालिकाको यही उमेर सिक्ने, खेल्ने र आफ्नो प्रतिभा निखार्ने समय हो । यदि उनीहरूलाई पढ्न नदिई श्रममा लगाइयो भने उनीहरूको जीवनभरको सम्भावना गुम्न सक्छ । शिक्षाको अवसर प्रदान गर्न नसक्दा गरिबी, अशिक्षा र अन्यायको चक्र तोड्न गाह्रो पर्छ ।

गुणस्तरीय र सुलभ शिक्षा सुनिश्चित गर्नु आवश्यक छ । निजी र सरकारी विद्यालयबीचको गुणस्तरको अन्तर घटाउनुपर्छ । अभिभावकहरूलाई शिक्षाको महत्त्वबारे सचेत गराउनु आवश्यक छ किनकि अझै पनि धेरै परिवार शिक्षालाई अनावश्यक खर्च ठान्छन् । शिक्षालाई प्रवर्द्धन गर्न सरकार, गैरसरकारी संस्थाहरू तथा स्थानीय तहले सचेतना कार्यक्रम संचालन गर्नुपर्छ ।

तराई-मधेशका केही ठाउँमा छोरा-छोरीबीचको भेदभाव अझै पनि हट्न सकेको छैन । धेरै परिवारमा छोरालाई महँगो बोर्डिङ स्कुलमा पढाउने तर छोरीलाई सरकारी विद्यालयमा सीमित गर्ने चलन छ । यसको प्रमुख कारण साँस्कृतिक सोच, आर्थिक अवस्था र शिक्षाको उचित मूल्यांकनको अभाव हो ।

समाजमा अझै पनि 'छोरी भनेको अर्काको घर जाने हो' भन्ने सोच हावी छ । यसले गर्दा छोरीको शिक्षामा लगानी आवश्यक छैन भन्ने भ्रम कायम छ । गरिब परिवारहरूले सीमित साधन भएका कारण छोरालाई मात्र महँगो विद्यालयमा पढाउने निर्णय गर्छन् । साथै, धेरै परिवार शिक्षालाई छोरीको भविष्य निर्माणको साधनको रूपमा हेर्नुको साटो विवाहका लागि सामान्य आवश्यकता मात्र ठान्छन् ।

अभिभावकहरूलाई छोरीको शिक्षा पनि उत्तिकै महत्त्वपूर्ण छ भन्ने बुझाउन सचेतना अभियानहरू संचालन गर्नुपर्छ । सरकारी विद्यालयहरूको गुणस्तर सुधार गर्दै निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न सक्ने बनाइनुपर्छ । साथै, छोरीहरूको शिक्षामा उत्साह बढाउन सरकारले छात्रवृत्ति तथा अन्य प्रोत्साहन कार्यक्रमहरू ल्याउनुपर्छ ।

समाज परिवर्तन भइरहेको छ तर केही परम्परागत सोचहरूले अझै पनि हाम्रो विकासको गतिलाई अवरोध गरिरहेका छन् । छोरी र छोराबीचको शिक्षामा विभेद गर्नु समाजलाई नै कमजोर बनाउने काम हो । शिक्षाले मात्र समाजलाई अघि बढाउन सक्छ, गरिबी हटाउन सक्छ र लैंगिक समानता कायम गर्न सक्छ ।

त्यसैले अब समय आएको छ कि हामी सबै मिलेर शिक्षामा रहेको असमानतालाई हटाई सबै बालबालिकालाई समान अवसर प्रदान गरौं । यसै तरिकाले मात्र हामीले एक समृद्ध, समान र शिक्षित समाज निर्माण गर्न सक्छौं ।

# जनताको गुनासो सुन्न गाउँ पुगे मन्त्री राणा



**सरु भुसाल/मध्यान्ह**
प्यूठान, ३० माघ

लुम्बिनी प्रदेश सरकारका शहरी विकाश तथा खानेपानी मन्त्री सरोज थापा (रोज राणा) जनताको गुनासो सुन्न गाउँ घुमफिरमा व्यस्त छन्। उनी लुम्बिनी प्रदेश सरकारले अगाडि सारेका विकास निर्माणका कामहरुमा जनताको धारणा तथा विकास निर्माणका योजना अनुगमन गर्न र स्थानीय जनताको सुझाव, गुनासो सुन्न गाउँमा पुगेका हुन्।

मन्त्री राणा प्रदेश सरकारले दिएका विकासको अवस्थालाई मध्येनजर गर्दै विकास निर्माणका काम प्रभावकारी र सुशासनयुक्त बनाउन जनतासँग आग्रह गर्दै सरकारले गर्ने विकाश निर्माणका कामको स्थानीय जनता मालिक भएकाले अनुगमन गर्न र गुणस्तरीय काम गराउन र जनतालाई प्रदेश सरकारले गरेका कामहरुको बारेमा जानकारी दिन गाउँ पुग्ने गरेको मन्त्री राणाको सचिवालयले बताएको छ।

मन्त्री राणाले सरकारी जुनसुकै काममा हुने ढिलासुस्ती, विकासमा हुने मनपरी तन्त्र र विकृति देखिएको खण्डमा सिँधै फोन गरेर मुख्यमन्त्रीमन्त्री सचिव वा सूचना अधिकारीलाई जानकारी दिन जनतालाई सचेत गराएका छन्। मन्त्री राणाले भने, 'लुम्बिनी प्रदेश सरकारले विकासका क्रियाकलापमा सुशासन र पादर्शिता हुनुपर्नेमा जोड दिँदै आएको छ। विकासमा विवाद सिर्जना गर्ने र कमसल सामाग्री प्रयोग गर्नुहुँदैन। त्यस्तो गरेको कहिकतै गुनासो भए सरकारले नछाड्ने चेतावनी दिँदै आएका छन्।'

प्रदेश सरकारका योजना तथा कार्यक्रमको स्थलगत अनुगमनमा गाउँमा पुगेका मन्त्री राणाले गुणस्तरहिन काम लुम्बिनी प्रदेश सरकारलाई स्वीकार्य नहुने चेतावनी दिएको उनी निकट स्रोतको भनाइ छ।

मंगलबार गृह जिल्ला प्यूठान पुगेका मन्त्री राणाले बुधबार दिनभर नौबहिनी गाउँपालिका, प्यूठान बाहानेमा प्रदेश सरकारले गरिरहेका कामको स्थलगत अनुगमन गरेका थिए। मन्त्री राणाले दिनभर टोलटोलमा पुगेर जनताको गुनासो सुन्ने सुझाव लिने र सोही सुझावका आधारमा प्रदेश सरकार शहरी विकाश खानेपानी मन्त्रालयले आगामी वर्षको बजेट निर्माण गर्ने जनतासँग प्रतिबद्धता जनाएका छन्।

मन्त्रीसहितको टोलीले प्यूठानका विभिन्न गाउँपालिका, नगरपालिकाहरुमा सडक स्तरवृद्धि, स्थानीय सडक, सिँचाइ, कुलो, नमूना भवन लगायतका परियोजनाको अनुगमन बुधबार दोस्रोपटक गरेको हो। अनुगमनका क्रममा जनताले लुम्बिनी प्रदेश सरकार विकासमैत्री हुनुपर्ने, जनताका आवश्यकता परिपूर्तिमा केन्द्रित हुनुपर्ने बताएका थिए। जनतालाई मन्त्री राणाले पर्यटकले मनपराउने आलु, सिमी लगायतका स्थानीय वस्तुको उत्पादन गर्न आग्रह गरे। सरसफाइमा ध्यान दिएर पर्यटकका लागि होमस्टे बनाउन लुम्बिनी प्रदेश सरकारले स्थानीय सरकारसँग सहकार्य गरी आर्थिक रुपमा समृद्धि ल्याउने मन्त्री राणाको भनाइ छ।

सडकको यात्रा सहज भएमा गाउँमा उत्पादित वस्तु निर्यात गर्न सजिलो हुने भन्दै स्थानीयले सडक कालोपत्रे गर्न प्रदेश सरकारसँग माग गरेका थिए।

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, टिकापुर शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/११/०१ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ कात्तिक २७ गतेको नागरिक राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| | |
|---|---|
| **ऋणीको नाम र ठेगाना :** | |
| १ | नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. २४२७५५/०७७/०७८ कायम भई मिति २०७७/०६/०७ मा दर्ता भएको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १, राजीपुर स्थित कुश्मी एकिकृत कृषि तथा पोल्ट्री प्रा.लि. । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | भगवदिन ड. थारूको छोरी, हरि नारायण चौधरीको श्रीमती, कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ८ बस्ने प्रियंका चौधरी । |
| २ | चिनवुधवा ड. थारूको नाति, लाहानु डगौराको छोरा, कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ८ बस्ने हरि नारायण चौधरी । |
| ३ | गरिब वा थारूको छोरी, लहानु थारूको श्रीमती, कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ८ बस्ने पित रानि थरुनी । |
| ४ | चिनवुधवा ड. थारूको नाति, लाहानु डगौराको छोरा, कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. २ बस्ने सन्दिप चौधरी । |
| **धितो सुरक्षणको विवरण :** | |
| १ | पित रानी थरूनीको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ८ (नक्सा सिट नं. ८क) को क्रमशः कित्ता नं. ११३ र ११४ को क्रमशः ०-१-१५-० र ०-२-१२-० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा टीकापुर शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८१ साल ११ महिना २१ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल ११ महिना २५ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **साउन्डलाईन्स रिक्रुटमेन्ट प्रा. लि.** (श्रम इजाजत पत्र नं. ५७२/०६२/०६३) मा कार्यरत तपशिल उल्लेखित कर्मचारीहरुले आफ्नो पदबाट राजीनामा दिनुभई निजहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निजहरु सँग यस प्रा. लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराईन्छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालय ताहाचलमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम, थर | पद | ना.प्र.प.नं. |
|---|---|---|---|
| १. | अजय कुमार यादव | Admin Assistant | ०५-०१-७५-१०१०६ |
| २. | रमेश कुमार भट्टराई | Sourcing Officer | १७४२६ |
| ३. | रविन किशोर राई | Sourcing Officer | २४४९ |
| ४. | दिलीप दास | Sourcing Officer | १९३०७९/१९५५ |
| ५. | विष्णु मणी प्रसाई | Sourcing Officer | ९४/१०२८ |

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **लिभरपुल एच.आर. शोलुशन प्रा. लि.** (इजाजत पत्र नं. १४१५/०७४/०७५) मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा. लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोवार नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ। यदि यसो गरे गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा. लि.मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम, थर | नागरिकता नं. | ठेगाना |
|---|---|---|---|
| १. | रुपक पन्त | ४४-०१-७२-०४७९१ | गण्डकी, गा.पा.-०३, गोरखा |

Liverpool H.R. Solution Pvt. Ltd.
Swoyambhu-15, Kathmandu, Tel.: 01-5382303, 5382300, 9851013724
Email : info@liverpoolhrsolution.com, Web: www.liverpoolhrsolution.com


# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पाङ्गेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## नदीजन्य पदार्थ उत्खनन्, संकलन, तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आव्हान सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८१/११/०१**
**ठेक्का नं. SRM/SI/NCB/01/2081/82**

सुनकोशी गाउँपालिकाले तपशिल कार्यको लागि विधुतीय बोलपत्र PPMO को वेबसाइट http://www.bolpatra.gov.np मार्फत पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

| न्यूनतम दररेट | अधिकतम परिमाण | न्यूनतम कवोल रकम रु. | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | बोलपत्र जमानत | बोलपत्र फारम शुल्क |
|---|---|---|---|---|---|---|
| रु.७ (प्रति घ.फिट) | २,६९,७२६.७५ (घ.फिट) | १८,८८,०८७.२५ (भ्याट बाहेक) | २०८१/११/०८ दिउँसो १२:०० बजे सम्म | २०८१/११/०८ दिउँसो १:०० बजे | कबोल अंकको ५% | रु. ३,०००.०० |

**ठेक्का सम्बन्धी शर्तहरु :**
ठेक्का सम्बन्धी पूर्ण सूचना तथा शर्तहरू सुनकोशी गाउँपालिकाको वेवसाइट www.sunkoshiruralmum.gov.np र PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट download गर्न सक्नुहुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


**Saudi मा रोजगार** Saudi K-KEM Engineering Service Co.

पुर्व स्वीकृती मितिः २०८१/१०/३० चलानी नं.: ६०२३२९२६ LT No.: 318744

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 10 | साक्षर | 1500 | ५५,०००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३००/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८१ फागुन ८ गते (20 Feb., 2025) यस प्रा. लि. को कार्यालय गौशला काठमाडौंमा हुनेछ ।

Orchid Overseas Pvt. Ltd.
Gov. Lic. No.: 889/067/068
Gaushala-9, Kathmandu, Tel. : 01-5913651, 5913652, 901355479
Email : orchidoverseas.np@gmail.com / Website : www.orchidoverseasnepal.com


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, लाहान शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/११/०१ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले मिति २०८० साल चैत महिना ०७ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले मिति २०८१ साल मंसिर महिना १३ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा लाहान शाखामा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्ब व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| | |
|---|---|
| **ऋणीको नाम र ठेगाना :** | |
| १. | नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लाहान, सिरहामा प्रा.फ.र.न. १६४७/०६७/०६८ कायम भई मिति २०६७/०९/१६ मा दर्ता भएको सिरहा जिल्ला, असनपुर गा.वि.स/न.पा. वडा नं. ७ स्थित रविना भाडा पसल । |
| २. | खवर साहु सोनारकी छोरी, सुवनारायण साह सोनारकी श्रीमती, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने राम कुमैर सोनार्नी .... १ र रामप्रसाद साह सोनारको नाती, सुवनारायण साह सोनारको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने धीरेन्द्र साह सोनार .... १ समेत २ जना । |
| **ऋणी १ को लागि व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | रामप्रसाद साह सोनारको नाती, सुवनारायण साह सोनारको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने धीरेन्द्र साह सोनार । |
| २. | कामेश्वर साहको छोरी, राजेन्द्र कुमार साह सोनारको श्रीमती, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने गुन्जा कुमारी साह । |
| ३. | सत्य नारायण साह सोनारकी छोरी, धीरेन्द्र साह सोनारकी श्रीमती, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने मिलन कुमारी साह । |
| ४. | रामप्रसाद साह सोनारको नाती, सुवनारायण साह सोनारको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने राजेन्द्र कुमार साह सोनार । |
| ५. | मुनर साह सोनारको नाती, रामप्रसाद साह सोनारको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने सुवनारायण साह सोनार । |
| ६. | खवर साह सोनारकी छोरी, सुवनारायण साह सोनारकी श्रीमती, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने राम कुमैर सोनार्नी । |
| **ऋणी २ को लागि व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | मुनर साह सोनारको नाती, रामप्रसाद साह सोनारको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने सुवनारायण साह सोनार । |
| २. | सत्य नारायण साह सोनारकी छोरी, धीरेन्द्र साह सोनारकी श्रीमती, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने मिलन कुमारी साह । |
| ३. | कामेश्वर साहको छोरी, राजेन्द्र कुमार साह सोनारको श्रीमती, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने गुन्जा कुमारी साह । |
| ४. | रामप्रसाद साह सोनारको नाती, सुवनारायण साह सोनारको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ९ बस्ने राजेन्द्र कुमार साह सोनार । |
| **ऋणी २ को लागि संस्थागत जमानतकर्ताहरूको नाम र ठेगाना :** | |
| | प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. १२१८१/२०७७/०७८, स्थानीय व्यापार कायम भई मिति २०७७/०५/१६ मा दर्ता भएको सिरहा जिल्ला, असनपुर गा.वि.स/उ.म.न.पा/न.पा. वडा नं. ७ स्थित रितिका जेनरल स्टोर । |
| **ऋणी १ को लागि धितो सुरक्षणको विवरण :** | |
| १. | सुवनारायाण साह सोनारको नाममा मालपोत कार्यालय सिराहा, लाहानमा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स/न.पा वडा नं. ८/क को कित्ता नं. १४१२ को ०-६-१४ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| **ऋणी १ र २ को लागि धितो सुरक्षणको विवरण :** | |
| १. | राम कुमैर सोनार्नीको नाममा मालपोत कार्यालय सिराहा, लाहानमा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ७/क को कित्ता नं. ५१८७ को ०-०-६ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा लाहान शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा लाहान शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८१ साल फाल्गुन महिना १५ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल फाल्गुन महिना २० गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको २:३० बजे ।**

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

# उत्पादनमा आधारित पुरस्कार नीतिले उत्साहित बन्दै कृषक

**खविन लुइटेल/मध्यान्ह**
पाँचथर, ३० माघ

पहाडमा धान उत्पादन हुन कठिन छ भन्ने मान्यता छ । तर पाँचथरको फाल्गुनन्द गाउँपालिकाका कृषकले वर्षेनी लोभलाग्दो धान फलाउँदै आएका छन् ।

हरेक वर्ष ५० मुरी भन्दा धेरै धान फलाउने कृषकलाई ३० हजार र १ सय मुरी भन्दा धेरै धान फलाउने कृषकलाई ५० हजार नगद पुरस्कार स्थानीय सरकारले दिन थालेपछि यहाँका कृषकको धान उत्पादनको लेखाजोखा हुन थालेको हो ।

गत आर्थिक वर्षदेखि यहाँका कृषकले उत्पादन गरेको धानको परिमाणको आधारमा गाउँपालिकाले नीति नै बनाएर नगद पुरस्कार दिन थालेको हो ।

गएको पर्ष २९ जना कृषकले ५० मुरी भन्दा धेरै धान फलाएर पुरस्कार दाबी गरेकोमा यो वर्ष ४२ जना कृषकले दावी गरेर पुरस्कार लिए । जसमध्ये ३ जनाले १ सय मुरी भन्दा धेरै धान फलाएका हुन् भने बाँकी ३९ जनाले ५० मुरी भन्दा धेरै धान फलाएका छन् । गाउँपालिकाले यो वर्ष मात्रै १३ लाख २० हजार रुपैयाँ किसानलाई नगदै हस्तान्तरण गरेको हो ।

गएको वर्ष १ सय ६८ मुरी धान फलाएर मुलुकभरी चर्चा बटुलेका फाल्गुनन्द १ का मकरबहादुर तामाङको दम्पत्तीले यो वर्ष १ सय ७४ मुरी धान फलाउँदै सबैभन्दा धेरै धान फलाउने किसानको रुपमा पुरस्कार प्राप्त गरे । मकरबहादुरसहित फाल्गुनन्द ७ का दिप्सन चेम्जोङ र रत्नबहादुर चेम्जोङले यो वर्ष १ सय मुरी भन्दा धेरै धान फलाए ।

दिप्सनले १ सय १५ मुरी धान फलाउँदा रत्नबहादुरले १ सय ८ मुरी धान फलाए । उनीहरुले जनही ५० हजार रुपैयाँ प्राप्त गरे ।

आफ्नो जग्गा २ रोपनी मात्रै भएको मकरबहादुर तामाङ दम्पत्तीले अरुकै खेत अधिँया र बन्दगीमा कमाएर १ सय ७४ मुरी धान उत्पादन गर्न सफल भएको हो । तामाङ दम्पत्ती मात्र हैन गाउँपालिकामा धेरै धान फलाउने सबै कृषकले आफ्नो मात्र जमिनमा उत्पादन गरेका हैनन् । साहुहरुको जग्गा भाडामा लिएर तथा पालिकाभित्रको खेतियोग्य तर बाँझो अवस्थामा रहेको जमिनलाइ खनजोत गरेर धान उत्पादन गरिरहेका छन् । गएको वर्ष २९ जना किसानले पुरस्कार लिएपछि यो वर्ष अरु किसानमा समेत हौसला मिलेको गाउँपालिका उपाध्यक्ष ठाकुर सिं नेम्वाङ बताउँछन् ।

फाल्गुनन्द गाउँपालिकाले हरेक वर्ष मंसिरमा आफ्नो धान उत्पादनको दावी गर्न किसानहरुको लागि सार्वजनिक सूचना जारी गर्छ । कृषकहरुले आफ्नो वडा सदस्य तथा वडा कार्यालयमार्फत पालिकासम्म आफ्नो धान उत्पादन ५० या १ सय मुरी नाघेको दाबी पठाउँछन् ।

त्यस पश्चात पाथी लिएर गाउँपालिका जनप्रतिनिधि तथा कर्मचारिको टोली किसानको खलोमा धान भर्न पुग्छन् । यसरी किसानको धान भर्दा ५० मुरी वा १ सय मुरी नाघेको निर्क्यौल गरी पुरस्कारको टुंगो लगाइन्छ ।

माघ २९ गते गाउँपालिकाका सातै वडाबाट आएका ४२ कृषकलाई नौमती बाजा, तथा च्याब्रुङ बाजा बजाउँदै फुलमाला र अबिर लगाएर बजार परिक्रमा गराइयो । कार्यक्रममा कोशी प्रदेशका कृषिमन्त्री खगन सिं हाङ्गामले कृषकलाई नगद पुरस्कारसहित सम्मान पत्र प्रदान गरे । गाउँपालिकाले कृषकको खलोसम्म ट्याक्टर पुऱ्याउने नीति लिएको छ । पछिल्लो समय यूवाको अभावमा धान तथा पराल बोक्न जनशक्तिको समस्या परेको गुनासो किसानहरुले गर्छन् ।

किसानको उक्त समस्यालाई मध्यनजर गर्दै किसानको खलोसम्मनै ट्याक्टर पुऱ्याउने गरी सडक संरचनाको काम गरिने गाउँपालिका अध्यक्ष आङदेम्बेले प्रतिबद्धता जनाए ।



धानमा मात्रै नभइ तोरी र मकै उत्पादनमा समेत उत्पादनमा आधारित अनुदान दिने नीति अवलम्बन गरिने अध्यक्ष आङदेम्बेको भनाइ छ ।

लोकप्रिय बन्दै अनुदान नीति

साधारणतय कृषकलाई औजार तथा अन्य सामग्री अनुदानमा दिइन्छ । त्यसको प्रयोगको अवस्था हुने फितलो अनुगमन र खरिद प्रक्रियामा हुने अपारदर्शी निर्णयले पछिल्लो समय यस प्रकारका अनुदानहरु विवाद रहित हुन सकिरहेको छैन् ।

तर फाल्गुनन्द गाउँपालिकाले अवलम्बन गरेको उत्पादन परिणाममा दिने अनुदानले कृषक उत्साहित भएको पाइन्छ । धेरै धान फलाएपछि नगदै पैसा थाप्न पाउँदा थप काम गर्ने जाँगर चलेको फाल्गुनन्द १ का कृषक मकरबहादुर तामाङ बताउँछन् । उनीमात्रै होइन् फाल्गुनन्द २ का मनप्रसाद नेम्वाङ समेत नगदै प्राप्त गर्दा सहज हुने बताउँछन् । पुरस्कार बापत पाएको पैसाले भैँसी किन्ने योजना मन प्रसादको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य दिपक नेपालले समेत उत्पादनको आधारमा दिइने अनुदाननै सबैभन्दा प्रभावकारी हुने टिप्पणी गरे ।

यसले किसानहरुमा काम हौसला मिल्ने र प्रतिस्पर्धात्मक वातावरणमा उत्पादन गर्ने उनको बुझाइ छ ।

गएको वर्ष २९ जना किसानले मात्रै ५० मुरी भन्दा धेरै धान फलाएका थिए । जसमा २ जनाले मात्रै १ सय मुरी नघाएका थिए । यो वर्ष ३९ जनाले ५० भन्दा धेरै र ३ जनाले १ सय मुरी भन्दा धेरै धान फलाएका छन् ।

---

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**बैदेशिक रोजगार विभागको**

## सार्वजनिक सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त तपसिल बमोजिमका **श्री Premium Human Resource Pvt. Ltd.** (ई.प्र.नं. १६३१/०८०/०८१) को संचालक/शेयरनधीले आ-आफ्नो नाममा कायम रहेको शेयरहरु दा. खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोहि कसैको हक स्वामित्व तथा लेनदेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीहरुको नाम/ शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/ शेयर संख्या |
|---|---|
| १. चन्द्र कुमार घर्ति मगर (०१ देखी ५५०००) | १. चन्द्र कुमार घर्ति मगर (०१ देखी ५५०००) |
| २. सुमन तामाङ (कि.नं. ५५००१- १०००००) | (५५००१-१०००००) |

**Saudi/ UAE मा रोजगार**

**Abar Al-Mustaghebel for Plastic, Saudi**
पुर्व स्वीकृति मिति: २०८१/१०/२३ चलानी नं.:६०२३२९०७ LT No. 317614

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Plastic Machine Operator | 1 | [illegible] | 3300 | १,२१,६००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**Pacific Stone For Stone And Marble Works, UAE** पुर्व स्वीकृति मिति:२०८१/१०/२९ चलानी नं.: ६०२३२९०६ LT No. 318575

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Brick Mason | 5 | 0 | [illegible] | 1200 | ४५,२००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Stone Mason | 5 | 0 | | 1200 | ४५,२००।- | | | | | | | |
| ३. | Stone Worker | 5 | 0 | | 1200 | ४५,२००।- | | | | | | | |

अन्तरवार्ता २०८१ फागुन ८ गते (20 Feb., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

**CHERISH OVERSEASE PVT. LTD.** Gov. Lic No. 1304/074/075
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com

---

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, लहान शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८१/११/०१ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| निर्मल मियाँको नाती, फुसीयाहा मियाँको छोरा, सिराहा जिल्ला, लक्ष्मीपुर उ.म.न.पा/गा.वि.स वडा नं. ६ बस्ने **रोजित मियाँ** - १ र फुसीयाहा मियाँको नाती, रोजित मियाँको छोरा, सिराहा जिल्ला, पिप्रा प्र.ध उ.म.न.पा/गा.वि.स वडा नं. १ बस्ने **मो. ईस्लाम** - १ तथा ओली मियाँको छोरी, रोजित मियाँको श्रीमती, सिराहा जिल्ला, पिप्रा प्र.ध उ.म.न.पा/गा.वि.स वडा नं. १ बस्ने **जहीरा खातुन** -१ समेत जना ३ |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| मो. इद्रिस मियाँको छोरी, मोहमद अमजतको श्रीमती, सिराहा जिल्ला, पिप्रा प्र.ध उ.म.न.पा/गा.वि.स वडा नं. १ बस्ने **गुलशन खातुन** । |
| मुसलिम मियाँको छोरी, मो. ईस्लामको श्रीमती, सिराहा जिल्ला, पिप्रा प्र.ध उ.म.न.पा/गा.वि.स वडा नं. १ बस्ने **जोहरा खातुन** । |
| रोजित मियाँको छोरी, मोहमद युनुसको श्रीमती, सिराहा जिल्ला, लक्ष्मीपुर उ.म.न.पा/गा.वि.स वडा नं. ८ बस्ने **सगिरा खातुन** । |
| फुसीयाहा मियाँको नाती, रोजित मियाँको छोरा, सिराहा जिल्ला, पिप्रा प्र.ध उ.म.न.पा/गा.वि.स वडा नं. १ बस्ने **मोहमद युनुस** । |
| फुसीयाहा मियाँको नाती, रोजित मियाँको छोरा, सिराहा जिल्ला, पिप्रा प्र.ध उ.म.न.पा/गा.वि.स वडा नं. १ बस्ने **मोहमद अमजद** । |
| **संस्थागत जमानतकर्ताको नाम र ठेगाना :** |
| नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहामा प्रा.फ.न.घ.उ.सि. ५४७१/०७०/०७१ कायम भई मिति २०७०/०७/१४ मा दर्ता भएको सिराहा जिल्ला, पिप्रा प्र.ध उ.म.न.पा/गा.वि.स वडा नं. ०६ स्थित **इसलाम सः मील** |
| **धितो सुरक्षणको विवरण :** |
| **जहीरा खातुनको** नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला, पिप्रा प्र.ध उ.म.न.पा/गा. वि.स. वडा नं. ६ स्थित कित्ता नं. ६६६ को ०-२-५.२५-० (बि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

---

# बारपाक सुलिकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**गण्डकी प्रदेश, नेपाल**
**२०७३**

## नदिजन्य पदार्थको बिक्रीका लागि शिलबन्दी बोलपत्र/दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८१/११/०१ गते)**

